# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १४२ | काठमाडौं | बुधबार, २६ भदौ २०८१ | Prabhab National Daily | Wednesday, September 11, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# न्याय दिने पदाधिकारीको पर्खाइ




आयोगमा पदाधिकारी राम्रो मान्छे आए हुने हो, पीडितले आयोगमा कस्ता मान्छे आउँछन् भन्ने विषयमा हेरिरहेका छन् । समाजले पत्याएको, स्वतन्त्र, सक्षम र पीडितलाई विश्वसनीय पात्र ल्याउनुपर्‍यो ।

**■ सुमन अधिकारी**
**अध्यक्ष, द्वन्द्वपीडित साझा चौतारी**

कतिपय अपराध माफ दिन नसकिने खालको छ, पैसा दिएरमात्रै न्याय हुँदैन । न्यायको अनुभूति त पीडितले गर्नुपर्छ । न्यायको पर्खाइ धेरै लामो भयो, अब छिट्टै प्रक्रिया अघि बढाउनुपर्छ ।

**■ गीता रसाइली**
**उपाध्यक्ष, द्वन्द्वपीडित महिलाको राष्ट्रिय सञ्जाल**

**■ कालिका खड्का**

**काठमाडौं–** लामो प्रतीक्षापछि संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन भए पनि पीडित भने आयोगमा कस्ता पदाधिकारी आउलान् भन्ने चासो र चिन्तामा परेका छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१ राष्ट्रपतिबाट प्रमाणीकरण भएसँगै संक्रमणकालीन न्यायको पर्खाइमा बसेका पीडितलाई आयोगमा न्याय दिनेगरी पदाधिकारी आउलान् कि नआउलान् भन्ने चिन्ता लागेको हो ।

द्वन्द्वपीडित महिलाको राष्ट्रिय सञ्जालकी उपाध्यक्ष गीता रसाइलीलाई आयोगमा पीडितलाई न्याय दिनुपर्ने भन्ने स्वतन्त्र, सक्षम र विज्ञ व्यक्ति आएमा राम्रो हुन्थ्यो भन्ने लागेको छ । 'यौन हिंसामा परेका महिलाको ३१४ जनाले उजुरी दिएका छन्, ती महिलाको स्वास्थ्य अहिले पनि औषधिले धानेको छ,' उनले थपिन्, 'आयोगमा पीडितमैत्री पदाधिकारी आए सहज हुने थियो, बल्ल ऐन संशोधन भयो तर आयोगमा पदाधिकारी कस्ता आउलान् भन्ने चिन्ता लागिरहेको छ ।'

द्वन्द्वमा यौनहिंसा भोगेका अधिकांश महिलाले परिवार र समाजका डरले आफैंले आएर उजुरी दिनसक्ने अवस्था भएन । त्यसले गर्दा महिलाले अन्य शीर्षकमा नै उजुरी दिन बाध्य भए । जसले गर्दा यौनहिंसाका पीडितले अहिलेसम्म राज्यका तर्फबाट कुनै पनि सहयोग प्राप्त गर्न सकेका छैनन् ।

'कतिपय अपराध माफ दिन नसकिने खालको छ, पैसा दिएरमात्रै न्याय हुँदैन, न्यायको अनुभूति त पीडितले गर्नुपर्छ,' रसाइलीले भनिन्, 'न्यायको पर्खाइ धेरै लामो भयो, अब छिट्टै प्रक्रिया अघि बढाउनुपर्छ ।'

आयोगमा पीडितको भावनालाई सम्मान गर्ने खालका पदाधिकारी सिफारिस गर्नुपर्ने तर पदाधिकारी सिफारिसका विषयमा छलफल नभएका विषयमा द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीलाई चिन्ता लागेको छ ।

'ऐनमा सिफारिस समिति गठन गरी दुई महिनाभित्र पदाधिकारी नियुक्त गरिसक्न भनेको छ, पहिलाको सिफारिस समितिले काम गर्ने कि ? नयाँ सिफारिस समिति बन्ने भन्ने विषयमा छलफल भएको देखिँदैन,' उनले भने, 'आयोगमा पदाधिकारी राम्रो मान्छे आए हुने हो, पीडितले आयोगमा कस्ता मान्छे आउँछन् भन्ने विषयमा हेरिरहेका छन्, समाजले पत्याएको, स्वतन्त्र, सक्षम र पीडितलाई विश्वसनीय हुने पात्र ल्याउनुपर्‍यो ।'

(क्रमशः पृष्ठ २ मा)

# उपसभामुख हटाउने कसरत

## संवैधानिक परिषद्मा बहुमत पुर्‍याउने खेलमा सत्ता गठबन्धन



उपसभामुखजस्तो गरिमामय जिम्मेवारीमा भएपछि उनजस्तो संस्थाबाट एउटा कुनै अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुँदै गर्दा अनधिकृत मान्छेहरूको सिफारिस गरेर तिनलाई भिसा देऊ भन्दै राजदूतावासलाई पत्राचार गर्ने कुरा कूटनीतिक मर्यादाविपरीत हो ।

**■ महेश बर्तौला**
**प्रमुख सचेतक, नेकपा एमाले**



उपसभामुखले सरक्क मार्गप्रशस्त गर्नु राम्रो हो । तर, प्रश्न उठ्दा पनि पदमा बहाल रहनु त्यति ठीक होइन ।

**■ श्यामकुमार घिमिरे**
**प्रमुख सचेतक, नेपाली कांग्रेस**



उपसभामुखको राजीनामाको विषय मिडियामा आएको थियो तर संसद्मा प्रवेश गरिसकेपछि अभियान नै चलेको रहेछ । सामाजिक सेवामा काम गरेको व्यक्तिलाई हटाउने कुरा दुःखदायी भएको र यसले लोकतन्त्रलाई सुदृढ गर्दैन ।

**■ देवेन्द्र पौडेल**
**सांसद, माओवादी केन्द्र**

**■ जेबी योञ्जन**

**काठमाडौं–** सत्ता गठबन्धन प्रतिनिधिसभाकी उपभामुख इन्दिरा राना मगरलाई हटाउने 'कसरत'मा लागिपरेको छ । संवैधानिक परिषद्मा बहुमत पुर्‍याउन उपसभामुख हटाउने तयारी गरिएको हो । अमेरिकी दूतावासलाई लेखेको पत्रका कारण विवादमा तानिएकी उपसभामुख मगरलाई मार्गप्रशस्त गर्न सत्तारुढ दलका नेताहरूले आग्रह नै गरेका छन् । र, मंगलबारको प्रतिनिधिसभा बैठकमा यो विषयले प्रवेश पाएको छ ।

कांग्रेस सांसद रामहरि खतिवडा सभापति रहेको संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमासमेत उपभामुख मगरविरुद्ध उजुरी परिसकेको छ । यहीबेला नेपाली कांग्रेस र नेकपा एमाले उनलाई हटाउन एकजुट देखिएका छन् । यी दलका सांसदहरूले मंगलबार उपसभामुख मगरको राजीनामा मागे । यसले उपसभामुख मगरलाई थप अप्ठ्यारोमा पारेको छ ।



उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उपसभामुख भएकी हुन् । उनले डेढ वर्षअघि केही व्यक्तिलाई भिसाको अन्तर्वार्ता मिति अगाडि सारिदिन आग्रह गर्दै काठमाडौंस्थित अमेरिकी दूतावासलाई लेखेको एउटा पत्र केही महिनाअघि सार्वजनिक भएपछि त्यससम्बन्धी विवाद उत्पन्न भएको थियो ।

उनले अमेरिकाको न्युयोर्कमा आयोजना भएको संयुक्त राष्ट्रसंघीय एक निकायको कार्यक्रममा सहभागी हुन जान लागेका केही व्यक्तिलाई भिसाको मिति अघि सारिदिन दूतावासलाई पत्राचार गरेको सार्वजनिकरूपमै स्वीकारे गरिसकेकी छन् । तर, आफूले करुणाभावले गरेको सहयोगलाई विवादित बनाउन खोजिएको भन्दै उपसभामुख मगरले दुःखेसो प्रकट गर्दै आएकी छन् ।

यहीबेला संवैधानिक अंगहरूमा नियुक्ति गर्नुपर्ने भएको छ । विभिन्न संवैधानिक अंगहरूमा पदाधिकारीको रिक्तता छ । नियुक्तिका लागि संवैधानिक परिषद्मा बहुमत चाहिन्छ । सत्तापक्षीय दलहरूको बहुमत छैन । छ सदस्यीय संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रतिनिधिसभाका सभामुख, प्रधानन्यायाधीश, राष्ट्रियसभा अध्यक्ष, विपक्षी दलका नेता र प्रतिनिधिसभाको उपसभामुख हुन्छन् ।

सत्तापक्षबाट प्रधानमन्त्री केपी शर्मा ओली, उनकै दल एमालेबाट सभामुख भएका देवराज घिमिरे छन् । प्रधानन्यायाधीश सरकारकै पक्षमा उभिनुपर्ने हुन्छ । हाल प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ छन् । विपक्षमा प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल र प्रतिनिधिसभाकी उपसभामुख मगर छन् ।

(क्रमशः पृष्ठ २ मा)

### 'उपसभामुखको अपमान भयो'

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलले प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरमाथि राजीनामाको विषय उठाएर उनलाई अपमान गर्न खोजिएको बताएका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा उनले सामाजिक सेवामा काम गरेकी उपसभामुखलाई शक्तिशाली सरकारले हटाउने विषय लोकतन्त्रसम्मत नहुने बताए । 'एक सामाजिक अभियन्ता तथा जनजाति महिला उपसभामुखमाथि राजीनामाका लागि गरिएको व्यवहार लोकतान्त्रिक संस्कार पनि होइन । शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप पनि छैन,' उनले भने ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# केयर गिभरका लागि आवेदन दिएका सयभन्दा बढीको प्रमाणपत्रमा कैफियत

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर)मा जान आवेदन दिएर लक्की ड्रमा सहभागी गराइएका १०० जनाभन्दा बढीको प्रमाणपत्रमा कैफियत भेटिएको छ । केयर गिभरका लागि आवेदन दिएका चार हजार २४ जनामध्ये वैदेशिक रोजगार विभागले छनोट गरेका तीन हजार ४६१ जनामाथि पनि श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले गरेको छानबिनमा १०० जनाभन्दा बढीको प्रमाणपत्रमा कैफियत भेटिएको हो ।

केयर गिभरमा जान दिएको आवेदनमा नक्कली कागजात पेस गरेको भन्दै चौतर्फी प्रश्न उठेपछि मन्त्रालयले गत साउन २५ गते उपसचिव मेघनाथ रिमालको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । उक्त समितिले तयार पारेको प्रतिवेदन मन्त्रालयमा बुझाउँदै छानबिनको क्रममा आवेदन दिएर छनोट सूचीमा परेका १०० जनाभन्दा बढीको प्रमाणपत्रमा कैफियत भेटिएको उल्लेख गरेको छ । प्रतिवेदन गत बिहीबार मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलालाई बुझाइएको थियो ।

प्रतिवेदनमा कतिपयको उच्च शिक्षाको प्रमाणपत्र प्रस्ट नदेखिएको, चारित्रिक प्रमाणपत्र नभएको, पूरा अवधि तालिम नगरेको, तालिम प्रदायक संस्था सूचीकृत भएको नपाइएको, तालिम लिएको प्रमाणपत्रमा उल्लेख गरिएको मितिभन्दा पछि राहदानी जारी भएकोलगायतका कैफियत भेटिएको बताइएको छ ।

**उच्च शिक्षाको प्रमाणपत्र प्रस्ट नदेखिएको, चारित्रिक प्रमाणपत्र नभएको, पूरा अवधि तालिम नगरेको, तालिम प्रदायक संस्था सूचीकृत भएको नपाइएको, तालिम लिएको प्रमाणपत्रमा उल्लेख गरिएको मितिभन्दा पछि राहदानी जारी भएकोलगायतका कैफियत**

समितिले दिएको प्रतिवेदनअनुसार सामान्य त्रुटि भएकाहरूको संख्या १५० कै हाराहारीमा रहेको र गम्भीर त्रुटि गर्ने १०० जनाभन्दा बढी हुनसक्ने मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । 'संख्या यत्ति नै भन्ने छैन, छानबिन समितिले दिएको प्रतिवेदनमाथि थप अध्ययन गरेपछि निश्चित संख्या छुट्याइने छ,' उनले भने । प्रवक्ता घिमिरे विभागको महानिर्देशक हुँदा इजरायल रोजगारीका लागि दुई हजार केयर गिभरको आवेदन माग भएको थियो । जसमा चार हजार २४ जनाको आवेदन परे पनि कागजात अपुग भएका र शंकास्पद कागजात पेस गरेका ५६३ जनाको आवेदन रद्द गरिएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

# पोर्चुगलमा घुम्ती सेवाः २४ सयभन्दा बढीले लिए सेवा

**लिस्बन (पोर्चुगल)–** पोर्चुगलमा सञ्चालित कागजात प्रमाणीकरणसम्बन्धी घुम्ती सेवाबाट दुई हजार ४०० भन्दा बढी नेपालीले सेवा लिएका छन् । फ्रान्सस्थित नेपाली दूतावासको टोलीले राजधानी लिस्बनमा सञ्चालन गरेको घुम्ती सेवाबाट दुई हजार ४६८ सेवाग्राहीले कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा लिएका हुन् ।

घुम्ती सेवाबाट दुई हजार ४४८ प्रहरी चारित्रिक प्रमाणपत्र, १६ शैक्षिक प्रमाणपत्र, २० व्यक्तिगत घटना दर्ता, दुई यात्रा अनुमतिपत्र र एक मञ्जुरीनामाको प्रमाणीकरण गरी दुई हजार ४६८ जनालाई सेवा प्रदान गरिएको पोर्चुगलका लागि गैरआवासीय नेपाली राजदूत तथा फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले जानकारी दिए । शिविरबाट दुई लाख ४६ हजार ६४० युरो अर्थात् तीन करोड ६७ लाख नौ हजार रूपैयाँ राजस्व संकलन भएको राजदूत भट्टराईले बताए ।

घुम्ती सेवामा दूतावासकी नियोग उपप्रमुख सीता बस्नेत र तृतीय सचिव दिपेन्द्रप्रसाद साह खटिएका थिए । दूतावासको टोलीले अगस्ट ३० देखि सेप्टेम्बर ७ सम्म गैरआवासीय नेपाली संघ पोर्चुगलको कार्यालयबाट कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा प्रदान गरेको थियो । घुम्ती सेवालाई गैरआवासीय नेपाली संघ पोर्चुगलसहित यहाँ क्रियाशील नेपाली संघसंस्थाले समन्वय र सहजीकरण गरेका थिए ।

घुम्ती सेवामार्फत कन्सुलर सेवा पाउँदा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) लगायतका कागजात प्रमाणीकरणको समस्यामा परेका नेपालीलाई राहत मिलेको छ । घुम्ती सेवा सम्पन्न भए पनि पोर्चुगलका नेपालीको सहजताका लागि कागजात प्रमाणीकरण लगायतका कन्सुलर सेवा भने पेरिस दूतावासबाट निरन्तर प्रवाह हुने राजदूत भट्टराईले बताए । आगामी दिनमा पनि राहदानीलगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्या देखा परेको खण्डमा परराष्ट्र मन्त्रालयसँग समन्वय गरी पुनः घुम्ती टोलीको व्यवस्था गरिने उनले बताए ।

यसअघि पोर्चुगलमा रहेका नेपालीले कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा नपाउँदा सास्ती खेप्नुपरेको थियो । गत महिना पनि राहदानी विभाग काठमाडौं र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोलीले राजधानी लिस्बनमा राहदानी सेवासम्बन्धी घुम्ती शिविर सञ्चालन गरी तीन हजार ८०० भन्दा बढी नेपालीलाई राहदानी सेवा दिएको थियो । *रासस*




**पृष्ठ १ बाट क्रमशः**

## संवैधानिक...

यसरी संवैधानिक परिषद्मा समान हैसियतमा सत्ता र विपक्ष छन् । यसले गर्दा संवैधानिक अंगहरूमा आफूले चाहेका पदाधिकारी नियुक्ति गर्न कांग्रेस र एमालेलाई अप्ठ्यारो भएको छ । यस्तो बेला उपसभामुख मगरलाई हटाउने पक्षमा दुई दल देखिएका छन् ।

विगतमा सत्ताधारी कांग्रेस र एमालेका सांसदहरूले संसद् बैठकमै राना मगरले आफ्नो पदीय मर्यादाविपरीत कार्य गरेको आरोप लगाउँदै उक्त प्रकरणबारे छानबिनको माग गरेका थिए । हाल भने पदबाट हटाउन दुवै दलको कम्मर कसाइ भएको छ ।

प्रधानमन्त्री ओलीको दल एमालेका प्रमुख सचेतक महेश बर्तौला उपसभामुखबारे सरकारमा नभई संसद्मा कुरा उठेको र संसद्ले नै त्यसको निरूपण गर्ने भन्दै सरकारसँग त्यसलाई जोडेर हेर्न नहुने बताउँछन् । उनले उपसभामुख मगरमाथि प्रश्नपछि त्यसको निरूपण गर्ने सामर्थ्य संसद्ले राख्नुपर्ने बताए ।

'उपसभामुखजस्तो गरिमामय जिम्मेवारीमा भएपछि उनजस्तो संस्थाबाट एउटा कुनै अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुँदै गर्दा अनधिकृत मान्छेहरूको सिफारिस गरेर तिनलाई भिसा देऊ भन्दै राजदूतावासलाई पत्राचार गर्ने कुरा कूटनीतिक मर्यादाविपरीत हो,' बर्तौलाले प्रभावसँग भने ।

उनले उपसभामुख मगरमाथि यति धेरै प्रश्न संसद्, मिडिया र जनस्तरमा उठेपछि मार्गप्रशस्त गर्नु र नैतिकताका आधारमा राजीनामा दिनुपर्ने बताए । त्यसो गरिँदा उनी स्वयं र संसद्को गरिमा बढ्ने उल्लेख गरे ।

नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले पनि संसद्मा प्रश्न उठिसकेको, त्यो कुरा मगरले स्वीकार गरिसकेकाले मार्गप्रशस्त गर्नुपर्छ भन्ने आफूहरूको पुरानै कुरा भएको बताए । उपसभामुख पदमा बस्न उचित हुन्न भन्ने कुरा पहिले पनि उठिसकेको कुरा हो । तर, यसबारे अहिले केही निर्णय भइसकेको छैन ।

ओलीले मगरलाई हटाउने र हटाएपछि रिक्त उपसभामुख पद कांग्रेसलाई दिन चाहेका छन् । त्यसो गर्दा संवैधानिक परिषद्मा बहुमत पुग्छ । त्यसपछि संवैधानिक अंगहरूमा आफूअनुकूल नियुक्ति गर्ने बाटो खुल्छ ।

उपसभामुख मगरलाई हटाउनका लागि दुईतिहाइ बहुमत चाहिन्छ । कांग्रेस-एमालेसहित सत्ता गठबन्धनमा आबद्ध दलहरूको सांसद संख्या दुईतिहाइ पुग्छ । संविधानको धारा ९१ को उपधारा ६ को (ग) मा उपसभामुखले पद अनुकूल आचरण नगरेको भन्ने प्रस्ताव प्रतिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ बहुमतबाट पारित भए उपसभामुख पद रिक्त हुने व्यवस्था छ । सोही व्यवस्थाको उपयोग गरेर संवैधानिक परिषद्मा आफूअनुकूल बनाउने रणनीतिमा प्रधानमन्त्री ओली छन् । प्रतिनिधिसभाका एक चौथाइ सांसदले प्रस्ताव दर्ता गर्न सक्छन् ।

यसबारे सोमबारको सत्ताघटक दलहरूको बैठकमा प्रधानमन्त्री ओलीले जानकारी दिएका थिए । कांग्रेस सहमत भएको थियो । लगत्तै मंगलबार बसेको बैठकमा भने कांग्रेस सांसदहरू संसद्मै आक्रामक सुनिए ।

कांग्रेस प्रमुख सचेतक घिमिरेका अनुसार उपसभामुख मगरको राजीनामाको अपेक्षा कांग्रेस र एमालेको छ । 'उनले सरक्क मार्गप्रशस्त गर्नु राम्रो हो । तर, प्रश्न उठ्दा पनि पदमा बहाल रहनु त्यति ठीक होइन,' उनले भने ।तर, प्रतिपक्षी सांसदहरू भने संवैधानिक परिषद्मा अल्पमतमा परेपछि सत्तापक्षले बखेडा झिकेको बताउँछन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारले उपसभामुखलाई हटाउने प्रस्ताव पेस गरेर राजनीतिक पार्टीहरू बसी सल्लाह गर्ने कुरा लोकतन्त्रका लागि कहिल्यै पनि मान्य नहुने बताए ।

प्रधानमन्त्रीले संवैधानिक परिषद्को नेतृत्व गर्ने संवैधानिक व्यवस्था छ । यससम्बन्धी प्रावधान नेपालको संविधानको धारा २८४ मा संवैधानिक परिषद्सम्बन्धी व्यवस्था छ । यही आधारमा उपसभामुख मगरलाई हटाउने कांग्रेस र एमालेको चाहना हो । तर, माओवादीका सांसदहरूले प्रतिवाद गर्ने चेतावनी दिएका छन् ।

## उपसभामुखको...

'उपसभामुखको राजीनामाको विषय मिडियामा आएको थियो तर संसद्मा प्रवेश गरिसकेपछि हावामात्रै हैन अभियान नै चलेको रहेछ,' सांसद पौडेलले भने, 'समाजिक सेवामा काम गरेको व्यक्तिलाई हटाउने कुरा दुःखदायी भएको र यसले लोकतन्त्रलाई सुदृढ गर्दैन ।'

## न्याय दिने ...

द्वन्द्वपीडित रहेका अधिकारीले थपे, 'अब पीडितका कुरा सुन्ने आयोगका पदाधिकारी आउन भन्ने चाहना छ, विगतमा पीडितलाई रुवाएरको उदाहरण पनि धेरै छ ।' ऐन संशोधन भएपछि पदाधिकारी सिफारिस गर्ने प्रक्रिया चाँडै अघि बढ्दा उपयुक्त हुने अधिकारीलाई लागेको छ । 'आयोगमा कस्ता पदाधिकारी पठाउने भन्ने विषयमा सरकारले छलफल प्रक्रिया अघि बढाएको देखिँदैन,' उनले थपे, 'आयोगमा विषयविज्ञ, काम गर्ने खालको ल्याउन जरुरी छ, राष्ट्रपतिबाट ऐन प्रमाणीकरण भइसकेपछि काम तीव्र गतिमा अघि बढ्नुपर्ने हो तर त्यो हुन सकेको छैन ।'

नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा माओवादीबीच भएको विस्तृत शान्ति सम्झौताअनुरूप संक्रमणकालीन न्यायलाई टुंग्याउने विषयमा प्रमुख तीन राजनीतिक दलबीच गत साउन १७ गते समझदारी भएको थियो । नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेता सम्मिलित कार्यदलमा लामो समयदेखि पेचिलो बनेको द्वन्द्वकालीन घटनाको व्याख्या, राहत, क्षतिपूर्ति, परिपूरण र न्याय प्रदानलगायत विषयमा सहमति भएको थियो । सोहीअनुसार ऐन संशोधन भएर आएको छ ।

नेपाल सरकारले २०८० चैत ३० गते संक्रमणकालीन न्यायसँग सम्बन्धित दुई आयोगको पदाधिकारी नियुक्तिका सिफारिस गर्न सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा समिति गठन गरेको थियो । उक्त समितिका सदस्यमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश जगदीश शर्मा पौडेल, डा. अर्जुनकुमार कार्की र स्टेला तामाङ सदस्य रहेका छन् । तर, अहिले संशोधित ऐनमा दुई महिनाभित्र सिफारिस समितिले आयोगमा पदाधिकारी सिफारिस गरिसक्ने व्यवस्था गरेको छ । सिफारिस समिति बनेको पाँच महिना भइसकेको छ ।

कानुन न्याय तथा संसदीय ममिलामन्त्री अजयकुमार चौरसिया संक्रमणकालीन न्यायसम्बन्धी कानुन पीडितमैत्री बनेको र पीडितले न्याय पाउने दिने खालको भएको तर्क गर्छन् । 'पीडितमैत्री कानुन बनेको छ, मानवअधिकार उल्लंघनका घटनामा पीडितको सहमति भएमात्रै परिपूरणमा जानसक्ने व्यक्ति गरिएको छ,' मन्त्री चौरसियाले भने, 'पीडितको सहमतिमा काम अघि बढ्ने छ, कानुनले पीडितलाई पूर्णरूपमा न्याय गर्ने छ ।' उनले चाँडै नै प्रक्रिया अघि बढाउने विषयमा छलफल भइरहेको र न्यायको पर्खाइमा बसेका द्वन्द्वपीडितले चाँडै नै न्याय विश्वास व्यक्त गरे ।

विस्तृत शान्तिसम्झौता भएको १७ वर्ष भइसक्दा पनि संक्रमणकालीन न्यायको विषय निष्कर्षमा पुग्न नसक्दा न्यायको आशामा बसेका पीडित निराश भएका छन् । २०६३ मंसिर ५ गते भएको शान्ति सम्झौतामा राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत संक्रमणकालीन न्यायका विषयलाई सम्बोधन प्रतिबद्धता व्यक्त गरिएको थियो ।

सरकारले संक्रमणकालीन न्यायसम्बन्धी विषयमा सहजीकरण गर्न बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरी काम गरिरहेको छ । आयोगका पदाधिकारी भने सिफारिस गर्न बाँकी छ । *रासस*

## केयर गिभरका...

तत्पश्चात् विभागले तीन हजार ४६१ जनाको नाम छनोट गरेर गत साउन २१ गते 'नेमचेक' का लागि इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिबा)लाई पठाएको थियो । विभागले पठाएको सूची समावेश गरी पिबाले लक्की ड्रमार्फत दुई हजार २०० जनाको नामावली छनोट भएको सार्वजनिक गऱ्यो । यद्यपि मन्त्रालयको छानबिन चलिरहेकै समयमा पिबाले लक्की ड्र घोषणा गरे पनि छनोटमा परेकाहरूको सूची हालसम्म पनि नेपाललाई औपचारिकरूपमा उपलब्ध गराएको छैन । मन्त्रालयबाट प्रतिवेदनमाथि आवश्यक निर्णय गरेपछि पिबाले लक्की ड्रमार्फत छनोटमा परेकाहरूको सूची पठाउने प्रवक्ता घिमिरेले बताए । पिबाले लक्की ड्रबाट २२ सय जनाको नाम छनोट गरेकोमा ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष रहेको उल्लेख गरेको छ ।

मन्त्रालयले इजरायलमा केयर गिभरमा जान दिएका आवेदनहरूमा कैफियत देखिएको भन्दै छानबिन चलिरहेको बताएको छ । रोजगार व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव गोविन्दप्रसाद रिजालले एक विज्ञप्ति जारी गर्दै केयर गिभरका लागि परेका केही आवेदकहरूले पेस गरेका कागजातमा कैफियत देखिएकाले हाल छानविनको प्रक्रियामा रहेको उल्लेख गरेका छन् । छानबिन प्रक्रिया सम्पन्न भएपश्चात्मात्रै थप प्रक्रिया अगाडि बढाइने रिजालले बताए ।

## अतिरिक्त महानिरीक्षक ज्ञवालीको बिदाइ

**काठमाडौं (प्रस)–** प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले सेवा निवृत्त हुन लागेका प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजिपी) श्यामलाल ज्ञवालीलाई मंगलबार बिदाइ गरेका छन् । नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रममा महानिरीक्षक कुँवरले ज्ञवालीले संगठनबाट सुम्पिएको जिम्मेवारी उच्च व्यावसायिकता, संगठनप्रतिको निष्ठा, लगनशीलता र इमानदारिताका काम गरेको बताए ।

अपराध न्यूनीकरण तथा अनुसन्धान, शान्तिसुरक्षा व्यवस्थापन, नीतिनिर्माण, संगठनिक सुदृढीकरणका साथै संगठनको रणनीतिक कार्ययोजना कार्यान्वयनमा ज्ञवालीले पुऱ्याएको अतुलनीय योगदानको उनले चर्चा गरे । महानिरीक्षक कुँवरले ज्ञवालीलाई मायाको चिनो प्रदान गरेका थिए ।

प्रहरी अतिरिक्त महानिरीक्षक ज्ञवालीले आगामी दिनमा पनि संगठनलाई निरन्तर सहयोग रहने प्रतिबद्धता जनाए ।


## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Prime H.R. International Pvt. Ltd.** (ई.प.नं. १५४९/०६८/०६९) मा **अनिल कुमार दोङ्ग** (**ना.प्र.प्र.नं:** ३४१०७७/४६२) ले यस प्रा.लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. १५४९/०७८/०७९

**Prime H.R. International Pvt. Ltd.**
Kamalini Marg, Sinamangal 9, Kathmandu, Nepal. Tel: +977- 1-5915011
E-mail: info@primehri.com, Web: www.primehri.com



## अत्यन्त जरूरी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **Winner Hr Solution Pvt.ltd** (इजाजतपत्र नं: १५३७/०६८/०७९) बाट **विजय लामा विक्रम गुरुङ, जीत बहादुर गुरुङ र धुर्व रायमाझी**ले यस प्रा लि को नाम प्रयोग गरेर बैदेशिक रोजगारमा पठाई दिन्छु भनि रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा लि को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा लि को नाममा गरिने बैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा लि बाट मात्र गर्नु र आर्थिक कारोबार यस प्रा लि को लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं । यस प्रा लि को नाममा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

Govt. License 1537/078/079

WINNER HR SOLUTION PVT.LTD
Maharajgunj-Chakrapath, Kathmandu, Nepal
Tel : 01-5911104, E-mail : winnerhrsolution2078@gmail.com



## साउदीमा रोजगार

कम्पनी : FAHD DHAWI EID AL HARBI CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८१/०१/२३ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०५/२५ LT. No. 304129 चलानी नं. ६०२१९०६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २ गते (18th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा रोजगार

कम्पनी : ESTABLISHMENT TASSA ERBA FOR TRADING
शहर : KSA

पूर्व स्वीकृति मिति : २०८१/०५/२३ LT. No. 310363 चलानी नं. ६०२२४९९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 1400 | ५०,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १ गते (17th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 310363 मितिः २०८१/०५/२५ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

TESLA Govt. License 1638/080/81
TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## कतारमा रोजगार

कम्पनी : AZHAR AL SHOMAL CLEANING AND HOSPITALITY
शहर : Doha

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ LT. No. 310502 चलानी नं.६०२२५०७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Clen. Worker | 2 | 2 | 1400 | ५१,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Ground Steward | 2 | 3 | 1000 | ३६,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २ गते (18th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 537/061/62
ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com


## बीमालेख हरायो

मिति २०८१/०५/१० गते, बाग्लुङदेखि काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : कृष्ण बहादुर खड्का**
**बीमालेख नं : GLI 0680001308**
**Himalayan Life Insurance Ltd.**
**ठेगाना : बाग्लुङ-५, बाग्लुङ**
**सम्पर्क नं : ९८६२२२५४४३**


## साउदीमा रोजगार

कम्पनी : AFAQ AL LAILA APARTMENT FURNISHED RESIDENTIAL UNITS

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ LT. No. 310498 चलानी नं. ६०२२५०५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३५,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज २ गते (18th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GR MANPOWER Service Pvt. Ltd. श्रम ईजाजत नं. ८६१/०६६/०६७
**G.R. Manpower Service Pvt. Ltd.**
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com


## तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

प्रकाशित मिति २०८१/०५/२६

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण |
|---|---|---|---|
| १. | **ऋणी : अम्ब्रेला केयर फर्मा प्रा.लि (विविध कर्जा)**<br>शाखा कार्यालय नेपालगंज , दर्ता नं : २५१६३८/०७७/०७८,<br>ठेगाना : का.म.पा १६, चमति, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. विजय गहतराज** (ना.प्र.नं. २४२२, मिति २०५४/०६/२० मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : गणेश गहतराज, बाजे : श्याम लाल गहतराज<br>**२. प्रनिल कुमार योगी** (ना.प्र.नं. ३५५५/१६९९ (बर्दिया), मिति २०५५/०३/०९ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : प्रेम कुमार योगी, बाजे : मंगलनाथ योगी<br>**३. मो. इरफान सिद्दिकी** (ना.प्र.नं. ५७९, मिति २०५२/१०/२४ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : मो सुलेमान सिद्दिकी, बाजे : मो ईस्माईल सिद्दिकी<br>**४. मुकेश श्रेष्ठ** (ना.प्र.नं. ४७५३८, मिति २०६१/०७/२५ मा जि.प्र.का. प्यूठानबाट जारी भएको)<br>बाबु : धन प्रसाद श्रेष्ठ, बाजे : हरि श्रेष्ठ<br>**५. सचिन कुमार पाठक** (ना.प्र.नं. ४३८, मिति २०५२/०९/१६ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : श्रवण कुमार पाठक, बाजे : सन्त बकस पाठक<br>**६. संजय पाठक** (ना.प्र.नं. ६१२८, मिति २०५७/०४/०८ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : श्रवण कुमार पाठक, बाजे : सन्त बकस पाठक<br>**७. सत्यवती अधिकारी** (ना.प्र.नं. ग.का. ७, मिति २०४४/१०/२० मा जि.प्र.का. बर्दियाबाट जारी भएको)<br>पति : टेक नाथ अधिकारी, ससुरा : शिव प्रसाद अधिकारी<br>**८. सुनीता कुमारी पाठक** (ना.प्र.नं. १८९७१, मिति २०४८/१२/०२ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : श्रवण कुमार पाठक, बाजे : सन्त बकस पाठक<br>**९. टेकनाथ अधिकारी** (ना.प्र.नं. १८१८, मिति २०३४/०१/०९ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : शिव प्रसाद अधिकारी, बाजे : मारकण्ड अधिकारी<br>**१०. मीरा कुमारी पाण्डेय** (ना.प्र.नं. ३८२०६१/११२१, मिति २०६४/०५/१० मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>पति : प्रनिल कुमार योगी, ससुरा : प्रेम कुमार योगी | २. | **ऋणीहरु : (क) एस.एस.ग्लास एण्ड यु.पि.भि.सी. सप्लायर्स (बैंक जमानत कर्जा)- शाखा कार्यालय थैब**<br>दर्ता नं. : २५७६९९/०७७/०७८, ठेगाना : महालक्ष्मी ०१, ललितपुर<br>**(ख) उमर खैयाम अंसारी र समा सिद्दिकी ( विविध कर्जा )**<br>**१. उमर खैयाम अंसारी** (ना.प्र.नं. १६०३२२६९५ , मिति २०५३/०१/२५ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : मंजुर अंसारी, बाजे : रजाक अंसारी<br>**२. समा सिद्दिकी** (ना.प्र.नं. ९४५६२, मिति २०५५/०४/०३ मा जि.प्र.का. ललितपुरबाट जारी भएको)<br>पति : उमर खैयाम अंसारी, ससुरा : मंजुर अंसारी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. उमर खैयाम अंसारी** : ऐ.ऐ<br>**२. समा सिद्दिकी** : ऐ.ऐ<br>**३. अमन अंसारी** (ना.प्र.नं. ३४-०१-७४-१६४८८, मिति २०७४/१२/२७ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : उमर खैयाम अंसारी , बाजे : मंजुर अंसारी |
| | | ३. | **ऋणी : न्यू शंकर डेरी उद्योग (आवधिक कर्जा)**<br>शाखा कार्यालय हरिवन , दर्ता नं : ८५५३/८५१/६५९/१६३ चन्द्रपुर<br>ठेगाना : चन्द्रपुर ०४, रौतहट<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. शान्ति सुवेदी** (ना.प्र.नं. १०२२-१२६७, मिति २०६८/०१/२५ मा जि.प्र.का. रौतहटबाट जारी भएको)<br>पति : नविन प्रसाद चौरसीया, ससुरा : शंकर राउत बरै<br>**२. नविन प्रसाद चौरसीया** (ना.प्र.नं. १६५०, मिति २०६३/०५/१९ मा जि.प्र.का. रौतहटबाट जारी भएको)<br>बाबु : शंकर राउत बरै, बाजे : जोखु राउत बरै |

स्थानीय सरकार
## पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थाङपालधाप, सिन्धुपाल्चोक

## बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना

मिति:- २०८०/०५/२६

यस पाँचपोखरी थाङपाल गाउँपालिकाको कार्यालयबाट निम्नलिखित बोलपत्र सूचना बमोजिम खोलिएको प्रस्ताव बमोजिम तपसिलको कार्यका लागि E–BID मार्फत दर्ता भएको बोलपत्र मध्ये सारभूत रुपमा प्रभावकारी देखिएकोले निम्न उल्लेखित न्युनतम मूल्याङ्कित दरभाउ पत्र सार्वजनिक खरिद नियामावली २०६४ दफा ४० उपनियम १० बमोजिमको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| बोलपत्र नं. | कामको प्रकृति | छनौटका लागि सिफारिस भएका बोलपत्र दाताको नाम र ठेगाना | कुल कबोल अंक भ्याट बाहेक |
|---|---|---|---|
| PTRM/GOODS/SQ/01/2081/082 | Seald Quotation For publishing Notices in National daily newspaper | Ad Chautari Pvt. Ltd., Kamalpopkhari kathmandu | रू. ८५३६।- अक्षेरुपी आठ हजार पाँच सय छत्तीस रुपैयाँ मात्र । |
| PTRM/GOODS/SQ/02/2081/082 | Procurement for sanitary pad | Angle Touch Hygine Manufacturing Pvt. Ltd., Lalitpur | रू. ३८९०२२/- अक्षेरुपी तीन लाख उनानब्बे हजार बाईस रुपैयाँ मात्र । |

**प्रमुख प्रशासकीय अधिकृत**

# राष्ट्रपतिलाई बुझाइयो सुरक्षा परिषद्को प्रतिवेदन



**काठमाडौं (प्रस)–** राष्ट्रिय सुरक्षा परिषद्का पछिल्ला दुई आर्थिक वर्षका वार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गरिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार परिषद्का पछिल्ला दुई आर्थिक वर्षका वार्षिक प्रतिवेदन पेस गरेका हुन् ।

राष्ट्रपति भवन, शीतल निवासमा आयोजित कार्यक्रममा नेपालको संविधानको धारा २६६ को उपधारा ३ बमोजिम राष्ट्रपतिसमक्ष प्रधानमन्त्रीले परिषद्का आर्थिक वर्ष का २०७९/८० र २०८०/८१ का वार्षिक प्रतिवेदन पेस गरेका हुन् । प्रधानमन्त्री ओलीले प्रतिवेदनमा समाविष्ट मुख्य विषयबारे प्रकाश पार्दै राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय सुरक्षास्थिति र चुनौतीको विश्लेषण प्रतिवेदनमा गरिएको जानकारी दिए । उनले प्रतिवेदनमाथि संघीय संसद्बाट प्राप्त हुने सुझावलाई कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

# सार्वजनिक सेवा प्रसारण विधेयक पारित

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको मंगलबारको बैठकबाट ‘सार्वजनिक सेवा प्रसारण विधेयक, २०८१’ बहुमतले पारित भएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले उक्त विधेयक पारित गरियोस् भनी प्रतिनिधिसभामा प्रस्ताव पेस गरेका थिए ।

नेपालको संविधानले प्रत्याभूत गरेको सूचनाको हक तथा विचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गर्न सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुन आवश्यक रहेको सञ्चारमन्त्री गुरुङले बताए ।

राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय सार्वजनिक सेवा प्रसारणका रूपमा रूपान्तरण गरी लोकतान्त्रिक मूल्य मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात् गर्दै स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी सञ्चारमाध्यमका रूपमा विकास गर्ने उल्लेख भएकामा सो व्यवस्थालाई कार्यान्वयन गर्न सरकारले यो विधेयक ल्याएको हो । अहिले रेडियो नेपाल र नेपाल टेलिभिजन छुट्टाछुट्टै संस्थाका रूपमा सञ्चालन भइरहेकामा यी दुवै संस्थालाई सार्वजनिक सेवा प्रसारण संस्थामा रूपान्तरण गर्दा सुदृढ, सबल र सशक्त सार्वजनिक प्रसारण माध्यमका रूपमा विकास गर्न सकिने सरकारको बुझाइ छ ।

यसरी दुई संस्था गाभिएर बन्ने सार्वजनिक सेवा प्रसारण संस्थाको एक छुट्टै कोष रहने व्यवस्था विधेयकमा राखिएको छ । उक्त कोषमा संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, विदेशी सरकार वा विदेशी संघ संस्थाबाट प्राप्त रकम र सार्वजनिक सेवा प्रसारण संस्थाको आम्दानीबाट प्राप्त रकम जम्मा हुने व्यवस्था राखिएको छ ।

विधेयकको प्रस्तावनामा संविधानद्वारा प्रदत्त नागरिकको विचार र अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हक प्रत्याभूत गर्न, तटस्थ, निष्पक्ष, तथ्यपरक र वस्तुनिष्ठ सूचना, समाचार, शिक्षा मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गरी राष्ट्रिय एकता एवं राष्ट्रिय हित प्रवर्द्धन गर्न तथा समावेशी लोकतन्त्रको सुदृढीकरण गर्न जनउत्तरदायी सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना र सञ्चालनका लागि यो कानुन आवश्यक रहेको उल्लेख छ ।

त्यस्तै, सार्वजनिक सेवा प्रसारण संस्था एक अविछिन्न उत्तराधिकारीवाला स्वशासित र संगठित संस्थाका रूपमा रहने विधेयकमा उल्लेख छ । सार्वजनिक सेवा प्रसारण संस्थाको नीति निर्माण गर्न तथा सो संस्थाले सम्पादन गर्नुपर्ने कार्यका लागि नीतिगत निर्देशन दिन सञ्चार तथा सूचना प्रविधिमन्त्रीको अध्यक्षतामा एक परिषद् रहने व्यवस्था राखिएको छ । त्यस्तो संस्थामा सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष, मन्त्रालयले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत र मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिलासहित तीनजना सदस्य रहने व्यवस्था राखिएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सञ्चारमन्त्री गुरुङले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदनसहितको राष्ट्रिय सभामा उत्पत्ति भएको सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८ माथि छलफल गरियोस्’ भनी प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्तावपछि विधेयकमाथि प्रतिनिधिसभाको बैठकमा छलफल भएको थियो ।

छलफलमा भाग लिने सांसदहरूले सार्वजनिक सेवा प्रसारण संस्था सरकारे र मन्त्रालयका प्रत्यक्ष हस्तक्षेपबाट मुक्त हुनुपर्ने र सम्पादकीय स्वतन्त्रता दिइनुपर्ने धारणा राखे । सांसद सुमना श्रेष्ठले सार्वजनिक सेवा प्रसारण संस्था सरकारको हस्तक्षेपबाट मुक्त र स्वायत्त हुनुपर्ने बताइन् । यस्तो संस्था सरकारप्रति आलोचनात्मक हुन सक्नुपर्ने धारणा उनले राखिन् ।

सांसद प्रेम सुवालले राष्ट्रिय एकता र निष्पक्ष प्रेसको प्रत्याभूति हुनेगरी यस्तो संस्था निर्माण गर्न सक्नुपर्ने बताए । सञ्चारमाध्यमबाट तथ्यपरक सूचना सम्प्रेषण नहुँदा आर्थिक अनियमिता मौलाएको पनि उनले उल्लेख गरे । सार्वजनिक सेवा प्रसारण संस्था तथ्यपरक र निष्पक्ष हुनुपर्ने धारणा सुवालले राखे । त्यसैगरी, सांसद रघुजी पन्तले नेपालका सञ्चारमाध्यमहरू बिबिसीको मोडलमा सञ्चालन गर्नसक्नुपर्ने बताए । मुलुकको चौथो अंगका रूपमा रहेको सञ्चार जगतमा देखिएका नयाँ अवधारणा र चुनौतीलाई यो विधेयकले समेट्न सक्नुपर्ने धारणा उनले राखे ।

सांसद सोविता गौतमले विधेयकमा उक्त संस्थाको नीतिगत निर्देशन दिनका लागि गठित परिषद्को अध्यक्ष मन्त्री राखिएकोमा विमति जनाइन् । सञ्चारमाध्यमले सरकारका काममा पनि प्रश्न गर्ने र आलोचना गर्न सक्नुपर्ने उल्लेख गर्नुहुँदै गौतमले सञ्चारमाध्यमलाई मन्त्रीको मातहतमा राख्दा स्वतन्त्र र निष्पक्षरूपमा सरकारको आलोचना गर्न नसक्ने बताइन् ।

त्यस्तै, सांसद अच्युतप्रसाद मैनालीले सार्वजनिक सेवा प्रसारण संस्थाले जनताको बीचमा गएर जनताबाटै सूचना लिने र जनताकै लागि सम्प्रेषण गर्ने भएकाले नागरिकका आवाज बढी सुन्नुपर्ने बताए । जनता र सरकारबीच भावनात्मक रूपमा जोड्ने सेतुका रूपमा यो संस्थाले काम गर्नसक्नुपर्ने उनको भनाइ छ ।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport

**Department of Roads**

Federal Road Supervision & Monitoring Office Itahari
Tamor Corridor (Subhangkhola-Dobhan-Olangchunggola) Road Project, Phungling, Taplejung

**Invitation for Bids/ Sealed Quotaion (Notice No: 01-2081/82)**

Date of Publication: 2081/05/26

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Federal Road Supervision and Monitoring Office Itahari,Tamor Corridor (Subhangkhola-Dobhan-Olangchunggola) Road Project, Phungling, Taplejung invites Electronic sealed bids from duly registered eligible Bidders for the contracts given below.

| SN | Contract No | Description of the Work | Estimated Amount Excl. VAT & PS Amount (NRs.) | Minimum Bid Security Amount (NRs.) | Non Refundable fee for Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TCSDORP/ 337011384/ 081/82-001 | Roadway Maintenance Works at washout Section of Suketar –Thiwa Road near Sisne Khola Approach Road | 1,641,093.60 | 53,000.00 | 1,000.00 |

2. For detail information, please inspect the bidding documents through website www.bolpatra.gov.np/egp.

Project Manager



# दोधारा चादनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दोधारा चादनी, कन्चनपुर शुदूरपश्चिम प्रदेश

**शिलबन्दी बोलपत्र सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशितमिति २०८१/०५/२६

यस नगर कार्यपालिका कार्यालयको आ.व. २०८१।०८२ मा नगर क्षेत्रभित्र नदिजन्य पदार्थमा रोयल्टी संकलन गर्ने कार्यका लागी आय संकलनको ठेक्का कबोल गर्न नियमानुसार दर्ता भएका फर्महरुबाट आवश्यक कागजात संग्लग्न राखी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| ठेक्का नं. | विवरण | आधार मूल्य मु.अ.करवाहेक | उत्खनन् परिमाण घ.मी. | फाराम दस्तुर रु. | धरौटी/जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 01-IR-2081/082 | जोगबुडा खोलाबाट संकलन गरिने नदीजन्य पदार्थमा रोयल्टी संकलन | ४०,०४,६८३।२० | १८,९००।० | ३०००।- | १२०दिन |

| बैंकको विवरण: कृषिविकास बैंक, शाखा कार्यालय दोधारा चादनी | बोलपत्र सम्वन्धि कागजातहरु www.bolpatra.gov.np/egp.बाट तोकीएको फाराम दस्तुररतिरी खरिद गर्न सकिनेछ । ठेक्का सम्बन्धि बिस्तृत विवरण बोलपत्र सम्बन्धि कागजपत्रमा उल्लेख गरिएको छ । |
|---|---|
| जमानत खाता (धरौटी खाता) ग ३ : ०८२३५०१५६३७६७१०८<br>आन्तरिक राजश्व खाता ग १.१ : ०८२३५०१५६३७६७०१९ | |

१. बोलपत्रको अन्तीम खरिद मिति २०८१।०६।२९ गते, दर्ता मिति २०८१।०६।२९ गते दिनको १२:०० बजे र खोलिने मिति २०८१।०६।२९ गते दिनको १४:०० बजे सम्मको हुनेछ । दर्ता गर्ने दिन सार्वजनिक बिदा भएमा लगत्तै आर्को दिनदर्ता गरिनेछ ।
२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
३. न्युनतम अंक भन्दा घटि कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वाशर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
४. सुदूर पश्चिम प्रदेशको नदीजन्य पदार्थ ब्यवस्थापन (पहीलो संसोधन) कार्यविधि २०८० अनुसार एकमुष्ठ वा ठेक्काको किस्ता अंकको २० प्रतीशत सम्झौता गर्दाका बखत, ४० प्रतीशत फाल्गुण मसान्त भित्र र ४० प्रतीशत जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ ।
५. ठेक्का कबोल गर्दा कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम माथी उल्लेखित धरौटी खातामा जम्मा गरि सो को सक्कलै भौचर वा तोकीएको म्याद सम्मको बैंक जमानत बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



**CYPRUS मा रोजगार** कम्पनी : CY EMPLOYMENT शहर : Paphos

पूर्व स्वीकृति मिति : २०८१/०४/२२ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०५/२५ LT. No. 308335 चलानी नं.६०२२३१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 0 | 25 | 400 | ५९,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: कास्की, पोखरा लेखनाथ मार्ग, पृथ्वि चोकमा मिति: २०८१ भदौ २९ र ३० गते (14 & 15 Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AIMS Govt. License No. 1440/740/75
ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Basundhara-03,Kathmandu, Nepal, Tel: 01-5906717, Mob: 9841063097 , 9865298787, 9808052814, 9849112323, 9849329081
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com



**कुवेतमा रोजगार** कम्पनी : Beauty Zone Beauty Salon Company For Ladies शहर : Al Jahra Governo

पूर्व स्वीकृति मिति : २०८१/०५/२४ LT. No. 310461 चलानी नं.६०२२५०२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST/NAIL TECHNICIAN | 0 | 4 | 150 | ६५,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Touch Salon & Health Institute For Ladies

पूर्व स्वीकृति मिति : २०८१/०५/२४ LT. No. 310462 चलानी नं.६०२२५०२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist/hair Dresser | 0 | 5 | 150 | ६५,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technicial(Manicurist/pedicurist) | 0 | 4 | 150 | ६५,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २ गते (18th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ८३४/०६६/०६७
CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



**कुवेतमा रोजगार** कम्पनी : BAIT AK TAPOKKI RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/२४ LT. No. 310442 चलानी नं.६०२२५०९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 1 | 0 | 85 | १०६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AHMAD & BODOUR GENERAL TRADING CO

पूर्व स्वीकृति मिति : २०८०/०३/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/२५ LT. No. 289027 चलानी नं.६०२०४४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Maker) | 2 | 0 | 120 | ५२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef (Meza, Bakery, Pastry) | 10 | 0 | 220 | ९६,७९५ | | | | | | | |
| 3 | Cleaner Indoor (Kitchen And Tools, Building, Publ | 10 | 0 | 90 | ३९,५९५ | | | | | | | |
| 4 | Cook (Commi, Asst. Chef, Preparer, Bakery, Pastry) | 10 | 0 | 125 | ५४,९९५ | | | | | | | |
| 5 | Head Chef | 3 | 0 | 300 | १३२,००० | | | | | | | |
| 6 | Kitchen Helper (Steward Restaurant Worker) | 10 | 0 | 120 | ५२,७९५ | | | | | | | |
| 7 | Waiter / Waitress (Service Crew, Food Server) | 10 | 0 | 120 | ५२,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २ गते (18th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ERN EXPRESS Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : GULF NASEEM GENERAL TRAD. & CONT. CO.

पुर्व स्वीकृति मिति २०८१/०५/२४ LT No. 310435 चलानी नं.६०२२५०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR/HELPER | 33 | 0 | 90 | ३९,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MECHANICAL GRINDER | 20 | 0 | 100 | ४३,९९५ | | | | | | | |
| 3 | RIGGER | 20 | 0 | 120 | ५२,७९५ | | | | | | | |
| 4 | STRUCTURAL FABRICATOR | 20 | 0 | 120 | ५२,७९५ | | | | | | | |
| 5 | STRUCTURAL FITTER | 20 | 0 | 120 | ५२,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: जानकी टेक्निकल ट्रेनिङ सेन्टर, कदमचोक जनकपुरमा मिति: २०८१ असोज २ गते (15 & 16 Sep. 2024) मा हुनेछ । संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १ गते (17th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FUTURE STAR MANPOWER PVT. LTD. श्रम ईजाजत नं. ३९७/०६०/०६१
Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322, Branch Office Janakpur :- 9706336772, 9823746759
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### पीडितको न्यायमा विलम्ब नगर

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी (टिआरसी) विधेयक संघीय संसद्का दुवै सदनबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरणसमेत भइसकेको छ । यद्यपि, यी दुई आयोगमा पदाधिकारी नियुक्त हुन सकेको छैन । सम्भवतः सरकारले नियुक्तिको तयारी गरिरहेको हुनुपर्छ । र, अहिले सबैको चासोको विषय बनेको छ, कस्तो व्यक्ति आयोगमा नियुक्ति पाएर आउलान् ?

विधेयक प्रमाणीकरण भएसँगै यसले शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्न बाटो खोलेको छ । लामो समयदेखि यो ऐनको पर्खाइमा रहेका द्वन्द्वपीडितले राहतको सास फेर्न पाएका छन् । दलहरूबीचको टकरावले यो विधेयक लामो समयदेखि अलपत्र परेको अवस्थामा थियो । संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई नेकपा एमाले र नेपाली कांग्रेसले राजनीतिक सौदाबाजीको आधार बनाए । केही न केही बखेडा झिकेर विधेयकमा सहमति जुटाउन ढिला गरे ।

यसैबीच गत असारको दोस्रो साता कांग्रेस, एमाले र माओवादी केन्द्र सम्मिलित एउटा कार्यदल बन्यो । कार्यदलले विधेयकमा विवादित विषयमाथि सहमति जुटाएसँगै अन्ततः शीर्ष नेतृत्व तहमा पनि समझदारी जुटेपछि साउन २९ गते संसद्मा विधेयक टेबुल गरिएको थियो । साउन ३० गते प्रतिनिधिसभाबाट पारित भएको उक्त विधेयक भदौ ७ गते राष्ट्रियसभाबाटसमेत विनासंशोधन पारित भएको थियो ।

टिआरसी विधेयक संसद्बाट पारित भएकामा अन्तर र्राष्ट्रिय क्षेत्रबाट पनि स्वागत गरियो । अमेरिकासहित १० मुलुकले संयुक्त विज्ञप्ति जारी गरेरै स्वागत गरे । यसलाई सकारात्मक मान्नुपर्छ । विशेषगरी यो विधेयक पीडितमैत्री रहेको दलहरूको दाबी छ । पीडितहरूले पनि विधेयकको स्वागत गरेका छन् । जसकारण दलहरूले नेपालको शान्ति प्रक्रिया विश्वकै लागि उदाहरण बनेको दाबी गरिरहेका छन् ।

टिआरसीसम्बन्धी ऐनको सबै क्षेत्रबाट स्वागत हुनु राम्रो कुरा हो । तर, अब यसको कार्यान्वयन कसरी हुन्छ भन्ने हेर्न बाँकी नै छ । यससँग सम्बन्धित दुई आयोगमा हुने पदाधिकारी नियुक्तिले नै यसको बाटो देखाउने छ । पीडितले दुवै आयोगमा राजनीतिक दलनिकट भन्दा पनि न्याय दिनसक्ने विज्ञ व्यक्तिको नियुक्ति चाहेका छन् । यो आवश्यक पनि छ । जसरी शान्ति प्रक्रियालाई विश्वकै नमूनाको रूपमा अघि सारिएको छ, त्यसलाई स्थापित गर्न पनि दुवै अयोगलाई निष्पक्ष र प्रभावकारी बनाउन आवश्यक छ । त्यसैले आयोगमा आफूअनुकूल निर्णय गर्ने व्यक्ति होइन, पीडितलाई न्याय दिने व्यक्तिलाई नियुक्त गरियोस् । साथै, पदाधिकारी नियुक्ति यथाशीघ्र गरी पीडितलाई चाँडो न्याय दिलाउन सरकारको ध्यान जाओस् । यसका लागि सरकार र सत्तारुढ दलहरूलाई सबैले दबाब दिऔं ।

## मनन्योग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमशः

# हङकङमा नेपाली वस्तुबजारको खोजी



■ डा. उदय रानामगर

नेपाल र हङकङबीचको व्यापारको सहजीकरण र निर्यात वृद्धि गर्नका लागि दुई देशबीचमा द्विपक्षीय व्यापार सम्झौता गरी व्यापारमा सहजीकरण गर्नुपर्ने देखिन्छ । नेपाली वस्तुहरूको बजारमा सहज र नियमित उपलब्धता सुनिश्चित गर्नुपर्छ । प्याकेजिङ र ब्राण्डिङमा सुधार गरिनु आवश्यक छ, ताकि नेपाली उत्पादनका वस्तु हङकङमा बढी बिक्री गर्न सकियोस् । हवाई मार्गबाट ढुवानी गर्दा ढुवानी लागतमा सहुलियत दिनुपर्ने छ । यसका साथै कार्गो उडानको सुरूआत गर्नुपर्ने छ । निर्यातयोग्य वस्तुहरूको विविधता बढाउँदै अर्ग्यानिक वस्तुहरूको निर्यातमा ध्यान दिनुपर्छ ।

नेपाल र चीनबीचको कूटनीतिक सम्बन्ध १ अगस्ट, १९५५ मा स्थापित भएपश्चात् हङकङमा महावाणिज्य दूतावासको स्थापना सन् १२ अप्रिल, १९९७ भई सञ्चालनमा रहेको छ । हङकङ सानो सहर भएता पनि यहाँको जनसंख्या करिब ७५ लाख रहेको छ । हङकङ सरकारबाट प्रकाशित तथ्यांकअनुसार यहाँ बस्ने नेपाली नागरिकहरू २५ हजारको हाराहारीमा भएता पनि नेपाली मूलका करिब ५० हजार नजिक रहेको अनुमान छ ।

साथै दक्षिण एसियाली मूलका मानिसहरूको संख्या करिब दुई लाखभन्दा बढी रहेको अनुमान छ । हङकङमा दैनिक दुई लाख पर्यटक हवाई मार्गबाट मात्र आउने गरेको छ । त्यतिकै संख्यामा सतहमार्गबाट हङकङ प्रवेश गर्दछन् । यो सहर व्यापारिक कारोबारको हिसाबले विश्वको नै आकर्षक केन्द्रका रूपमा रहेको छ । यस्तो सम्भावनाको बीचमा पनि नेपालले हङकङको बजारबाट खासै अवसर लिन सकेको छैन । नेपाली वस्तु उत्पादनको बास्केट नै कमजोर एकातिर छ भने अर्कातिर उत्पादित वस्तुको गुणस्तर, 'प्याकेजिङ' तथा 'ब्राण्डिङ'का कारण नेपाली वस्तुले हङकङको बजारमा खासै स्थान पाउन सकेको देखिँदैन ।

नेपालको वैदेशिक व्यापारको इतिहास लामो नै रहेको छ । नेपालको वैदेशिक व्यापारको आकार बढेर आएको भएता पनि निर्यात व्यापार २०६० सालदेखि क्रमशः घट्दै गएका कारण पछिल्लो समयमा निर्यात तथा आयातको अनुपात १:९ पुगेको छ । यसले नेपालको व्यापार घाटा उच्च रहेको देखाउँछ । विश्व बैंकका अनुसार नेपालको वैदेशिक व्यापारले सन् २०२३ मा कूल गार्हस्थ उत्पादनमा ४१.६४ प्रतिशत योगदान गर्दै आएको उल्लेख छ । नेपालबाट निर्यात हुने प्रमुख सामानहरूमा वनस्पति घिउ, पश्मिना र तयारी पोसाक रहेका छन् भने प्रमुख आयात गरिने सामानहरूमा पेट्रोलियम, खाद्यान्न र औषधि छन् । नेपालको वैदेशिक व्यापारमा छिमेकी देश भारतसँग करिब ६० प्रतिशत छ भने चीनसँग करिब ३५ प्रतिशत रहेको छ । तर हङकङसँगको व्यापारको अंश भने सानो नै रहेको छ ।

नेपाल सरकारले निर्यात व्यापार बढाउनका लागि आव २०६७/६८ देखि मूल्य अभिवृद्धिका आधारमा वस्तु निर्यातमा नगद अनुदानको व्यवस्था लागू गरेको छ । यसमा ५० प्रतिशत वा सोभन्दा बढी मूल्य अभिवृद्धिमा पाँच प्रतिशत र ३० प्रतिशत वा सोभन्दा बढी मूल्य अभिवृद्धिमा तीन प्रतिशत अनुदान उपलब्ध गराउने प्रावधान छ । विगत पाँच वर्षमा नगद अनुदानले निर्यातमा १२ प्रतिशत हिस्सा रहेको छ । कूल अनुदान प्राप्त वस्तुको योगदान ५० प्रतिशत पुगेको छ । यो व्यवस्था रहेता पनि नेपालको निर्यात व्यापार बढ्न सकेको छैन । त्यसैगरी, हङकङसँगको निर्यात व्यापार पनि उल्लेखनीय रूपमा वृद्धि हुन सकेको छैन । जसले गर्दा नेपालको हङकङसँगको व्यापार पनि घाटामा रहेको छ ।

नेपाल एकातिर भूपरिवेष्ठितताको पीडामा छँदै छ भने पछिल्लो समयमा आएको कोभिड-१९ महामारीको कारण अर्थतन्त्रमासमेत संकुचन ल्याइदिएको छ । नेपालजस्तो सानो आकारको अर्थतन्त्र भएको देशमा यसको प्रभावले बढी संकुचित गराइदिएको छ । यसको कारणले सन् २०२३ मा नेपालको कूल गार्हस्थ उत्पादनको आकार ४२ अर्ब अमेरिकी डलरमा मात्र छ । आर्थिक वर्ष २०२३/२४ मा आर्थिक वृद्धि ३.९ प्रतिशत छ, जहाँ कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत र गैरकृषि क्षेत्रको ७५.९ प्रतिशत रहेको छ । नेपालको अर्थतन्त्रमा व्यापारको अंश ठूलो रहेको भएता पनि वैदेशिक व्यापार असन्तुलित छ । आव २०२३/२४ मा कूल वैदेशिक व्यापार एक हजार ७२४ अर्ब रहेकामा व्यापार घाटा एक हजार ४४० अर्ब पुगेको छ । यो अंक अघिल्लो आवको भन्दा बढी रहेको छ । यद्यपि भटमासको तेल, सिन्थेटिक यार्न र ऊनी गलैंचाजस्ता वस्तुको निर्यातमा सुधार आएको छ । आयात पनि केही घटेको छ ।

नेपालका प्रमुख निर्यात वस्तुहरूमा अलैंची, रेडिमेड कपडा, जुट, चिया र फलफूलको जुस रहेका छन्, जबकि आयात गरिने वस्तुहरूमा डिजेल, भटमासको कच्चा तेल, मोबाइल, र सुन पर्दछन् । यी वस्तुहरूमध्ये केही हङकङसँग पनि हुने गरेको भएता पनि अझै व्यापारमा ठूलो घाटा देखिएको छ । भन्सार विभागको आर्थिक वर्ष २०७५/७६ तथ्यांकअनुसार हङकङबाट चार अर्ब ६९ करोड ६४ लाख ७२ हजार रूपैयाँको वस्तु आयात भएकामा नेपालबाट हङकङतर्फ केवल ३२ करोड ८८ लाख रूपैयाँको वस्तु निर्यात भइ खुद व्यापार घाटा चार अर्ब ३६ करोड ७६ लाख रूपैयाँ रहन गएको थियो । यो तथ्यले पनि हङकङसँगको व्यापार नेपालको पक्षमा नरहेको अवस्थामा देखिन्छ ।

अध्ययनले हङकङमा रहेका नेपाली व्यवसायीले १२ प्रकारका व्यवसाय गर्दै आएको पाइयो । जसमा खुद्रा बिक्री नौ प्रतिशत, ग्रोसरी व्यवसायमा ३१ प्रतिशत, होटल र रेस्टुरेन्ट १६ प्रतिशत र आयात निर्यात गर्ने व्यवसाय नौ प्रतिशत छन् । व्यवसायीहरूमा १४ प्रतिशतले नेपालमा उत्पादित वस्तु बिक्री गर्छन्, जबकि ७१ प्रतिशत नेपाली र विदेशी दुवै प्रकारका वस्तुहरूको व्यापार गर्छन् । ८७ प्रतिशत व्यवसायीले तीन वर्ष वा सोभन्दा बढी समयदेखि नेपाली सामानहरूको व्यवसाय गर्दै आएका छन् । यहाँ ग्रोसरीका वस्तुहरूको माग ३९ प्रतिशत छ भने चिया र कफीको माग १७ प्रतिशत र हर्बल वस्तुको १६ प्रतिशत माग रहेको छ । यसको अतिरिक्त हस्तकलाका सामानमा सिंगिङ बाउल र बुद्धको मूर्तिको माग राम्रो रहेको छ । जबकि ऊनी र रेडिमेड सामानको बजार भने कमजोर रहेको छ ।

नेपालबाट गरिने निर्यात व्यापारका प्रमुख समस्याका रूपमा २७ प्रतिशतले अपर्याप्त उत्पादन, २२ प्रतिशतले वस्तु प्याकेजिङमा समस्या, १६ प्रतिशतले कमजोर गुणस्तर, १५ प्रतिशतले प्रक्रियागत कठिनाइ र छ प्रतिशतले अनुदान नभएको भन्ने औंल्याएका छन् । करिब ४९ प्रतिशत उत्तरदाताले नेपालको निर्यात प्रक्रियाप्रति असन्तुष्ट जनाएका छन् । उनीहरूले निर्यात प्रक्रियामा रहेको झण्झटिलो प्रावधानलाई समस्याका रूपमा लिएका छन् ।

नेपालबाट कोलकत्ता नाका हुँदै हङकङ निर्यात गर्ने व्यापारी करिब ४६ प्रतिशत छन् । ४० प्रतिशत उत्तरदाताहरूले सामान निर्यात गर्दा धेरै डकुमेन्ट आवश्यक हुँदा निर्यात व्यापारमा बाधा पुगेको भन्ने कुरा औंल्याएका छन् । यसले ढुवानी लागत बढाउने र प्रक्रिया झण्झटिलो बनाउने गरेको छ । सतह मार्गबाट गरिने कार्गोको खर्च बढी लाग्ने गरेको छ । यसलाई घटाउनका लागि ४० प्रतिशतले सरकारले अनुदान दिनुपर्ने औंल्याएका छन् भने २३ प्रतिशतले ट्रान्जिट सुविधामा ध्यान दिनुपर्ने औंल्याएका छन् । त्यति नै संख्याका उत्तरदाताले कार्गो प्वाइन्ट घटाउन सुझाएका छन् भने १४ प्रतिशतले निःशुल्करूपमा संकलन केन्द्रहरू विस्तार गर्नुपर्ने बताएका छन् ।

नेपाली सामानले हङकङमा बजार लिन नसक्नुको प्रमुख कारणहरूमा उच्च ढुवानी लागत देखिन्छ । नेपालबाट हङकङसम्म चारवटा ढुवानी रुट उपलब्ध छन् । यसमा तातोपानी, केरुङ, कलकत्ता तथा हवाई मार्ग पर्दछ । तातोपानी नाकाबाट कार्गो ढुवानी गर्दा १५ देखि १८ दिन लाग्ने गरेको छ भने लागत एक सिविएमको १० हजार ५०० रूपैयाँ पर्छ । केरुङ नाकाबाट ढुवानी गर्दा करिब लागत रु ११ हजार र २५ देखि ३० दिन लाग्दछ । कोलकत्ता नाकाबाट लागत १६ हजार आठ सय तथा २० देखि २२ दिन लाग्दछ । हवाई मार्गबाट ढुवानी गर्दा लागत प्रतिकेजी ५०० रूपैयाँ पर्छ तर एकै दिनमा गन्तव्यमा पुग्दछ । हवाई मार्ग सबैभन्दा छिटो र कम समय लाग्ने भए पनि अन्य रुटहरूको तुलनामा उच्च लागत लाग्दछ । यसरी ढुवानी रुटको विश्लेषण गर्दा तातोपानी नाका लागतको हिसाबले सस्तो देखिएता पनि समयावधि बढी लाग्ने भएकाले कोलकत्ता नाकाको प्रयोग बढी भएको देखिन्छ । लागत तथा समयअवधि नै नेपालको वैदेशिक व्यापारका लागि बाधक पक्ष देखिन्छ ।

नेपालको निर्यात व्यापार बढाउनका लागि ८८ प्रतिशत उत्तरदाताले वस्तुको गुणस्तर, शुद्धता, प्याकेजिङ, र ब्राण्डिङको महत्त्वलाई औंल्याएका छन् । ३० प्रतिशतले गुणस्तरलाई प्रमुख मान्छन्, जबकि ३५ प्रतिशतले प्याकेजिङ र ब्राण्डिङलाई बढी ध्यान दिनुपर्ने बताएका छन् । २० प्रतिशतले वस्तुको शुद्धतामा सुधारको आवश्यकता औंल्याएका छन् भने १५ प्रतिशतले वस्तुको विविधता गर्नुपर्ने बताएका छन् ।

हङकङमा नेपाली र भारतीय वस्तुहरूको मूल्य तुलना गर्दा, नेपाली वस्तुहरू भारतीय सामानभन्दा औसतमा ४० प्रतिशतसम्म महँगो देखिएका छन् । विशेषगरी, दाल, आलु, प्याज, र चिउरा क्रमशः ७५ प्रतिशत, ५० प्रतिशत, ३३ प्रतिशत र ३७ प्रतिशत महँगा देखिन्छ । कोलकाता हुँदै हङकङ जाने सामग्रीको ढुवानी लागत उच्च भएकाले नेपाली उत्पादनका वस्तुहरूको मूल्य भारतीय वस्तुको मूल्यभन्दा बढी महँगो भई प्रतिस्पर्धा गर्न कठिन छ, जसका कारण हङकङमा नेपाली वस्तुको बिक्री परिमाण कमी रहेको छ ।

हङकङ निर्यात व्यापारमा वस्तुको सहज उपलब्ध नहुनु, कमजोर प्याकेजिङ र ब्राण्डिङ, तथा उच्च ढुवानी लागतजस्ता पक्ष नै प्रमुख समस्याका रूपमा रहेको छ । कोलकत्ता नाकाको प्रयोग गरी निर्यात गर्दा कागजपत्रको झण्झट एकातिर छ भने अर्कातर्फ ढुवानीमा रहेको उच्च लागतले नेपाली उत्पादनलाई महँगो बनाउँदै आएको छ । यस्तो अवस्थालाई चिर्न र निर्यात बढाउनका लागि मूलतः वस्तुको गुणस्तर, प्याकेजिङमा सुधार गर्न आवश्यक छ, । साथै निर्यात व्यापारमा सरकारले अनुदान दिनाका साथै ट्रान्जिट सुविधामा सुधार गर्नुपर्ने देखिन्छ ।

नेपाल र हङकङबीचको व्यापारको सहजीकरण र निर्यात वृद्धि गर्नका लागि दुई देशबीचमा द्विपक्षीय व्यापार सम्झौता गरी व्यापारमा सहजीकरण गर्नुपर्ने देखिन्छ । नेपाली वस्तुहरूको बजारमा सहज र नियमित उपलब्धता सुनिश्चित गर्नुपर्छ । प्याकेजिङ र ब्राण्डिङमा सुधार गरिनु आवश्यक छ, ताकि नेपाली उत्पादनका वस्तु हङकङमा बढी बिक्री गर्न सकियोस् । हवाई मार्गबाट ढुवानी गर्दा ढुवानी लागतमा सहुलियत दिनुपर्ने छ । यसका साथै कार्गो उडानको सुरुआत गर्नुपर्ने छ । निर्यातयोग्य वस्तुहरूको विविधता बढाउँदै अर्ग्यानिक वस्तुहरूको निर्यातमा ध्यान दिनुपर्छ । हङकङमा नेपाली वस्तुलाई प्रतिस्पर्धी कठिन रहेको अवस्थामा कम तौल र बढी मूल्यका नेपाली वस्तुहरू निर्यात गर्न प्रोत्साहन गर्नुपर्छ । यसो गर्न सकिएमा नेपाल र हङकङबीचको व्यापार बढ्न गई देशको अर्थतन्त्रमा केही हदसम्म भरथेग हुन जाने छ । रासस

*(लेखक हङकङ र मकाउका लागि महावाणिज्यदूत हुन्)*

## पत्र-मञ्जुषा

### यात्रु बोक्ने निजी सवारीलाई करको दायरामा ल्याऔं

रातो नम्बर प्लेट भएको निजी सवारीसाधन र हरियो नम्बर प्लेट भएको पर्यटक बोक्ने सवारीसाधनले सार्वजनिक यातायातझैं कर तिरिरहनु पर्दैन । न प्रत्येक छ महिनामा गरिने जाँचपास गर्नुपर्छ न प्रदूषण नै चेकजाँच गर्नुपर्छ । रुट परमिट पनि तिर्नुपर्दैन । घरेलु र कम्पनीमा नगइकन सञ्चालन गर्न मिल्छ ।नेपाल आयल निगमले इन्धनको मूल्य घटाउँदा-बढाउँदा प्रदेश वा संघको यातायात मन्त्रालय, यातायात व्यवस्था विभागले सार्वजनिक यातायातको भाडा निर्धारण गर्दछ । सरकारले तोकेकोभन्दा बढी भाडा लिएमा सार्वजनिक यातायातलाई कारबाही गरिन्छ । दुई पांग्रे सवारीसाधन निजी प्लेटमै दर्ता हुन्छ ।

अहिले सबैभन्दा बढी दुईपांग्रे सवारीसाधन नै सञ्चालनमा छ । तर, सरकारले त्यसको प्रदूषण जाँच गर्ने भनी कानुन बनाएको छैन । कानुनमा दुईवटा कुरा उल्लेख छ- भाडाको गाडीमा 'सिण्डिकेट' लगाउन पाइँदैन । अर्को निजी प्लेटको गाडीले यात्रु बोकेर पैसा कमाउन पाउँदैन ।

तर, दुवै कार्यान्वयन भएको छैन । वर्षौंदेखि कालो र हरियो प्लेटको ट्याक्सी, फो-स्टक टेम्पो, ढुवानी गाडीमा सिण्डिकेट छ । नयाँ दर्ता खुलेको छैन । अनि कता भयो त कानुन कार्यान्वयन ? पछिल्लो समय निजी प्लेटका सवारीसाधनले यात्रु बोकेको देखिन्छ । दुईपांग्रे होस् या चारपांग्रे, निजी प्लेटका गाडीले यात्रु बोकेर पैसा कमाइरहेको छ ।

जुन सरासर गैरकानुनी हो । काठमाडौं उपत्यकाभित्र यो धन्दा व्यापक चलेको छ । छ्याप्छ्याप्ती मोटरसाइकल, स्कुटर र निजी कार यात्रु कुरेर बसेको देखिन्छ । उपत्यकाभित्र त यो हाल छ भने बाहिरको अवस्था के होला ? त्यहाँ त सबै निजी प्लेटका सवारीसाधन मात्र छन् । ट्याक्सीमा गयो भने एक हजार तिरे पुग्ने बाटोमा निजी कारले तीन हजार रूपैयाँ असुल्छ । यता, पठाओको पनि खुलेआम ठगीधन्दा चलेको छ । कोटेश्वरबाट चाबहिल गएको पठाओले २५० रूपैयाँ लियो । बसमा जाने हो भने २५ रूपैयाँ तिरे पुग्थ्यो ।

जम्माजम्मी चार किलोमिटर बाटोमा २५० रूपैयाँ ठटाउनु कुनै पनि हिसाबले न्यायसंगत देखिँदैन । सरकारले सिण्डिकेट हटाउन नसक्दा निजी प्लेटका सवारीसाधन सञ्चालनमा आयो । २० वर्षे पुराना ट्याक्सीको स्क्र्याप गरेको नम्बर प्लेट लाखौंमा खरिदबिक्री भइरहेको छ । तर, सरकारको आँखा यसतर्फ जाँदैन । सरकारले पुराना नम्बर प्लेट खारेज गरेर नयाँ नम्बर दिन सक्दैन । सरकार एकदमै लाचार भयो । सरकारको लाचारिपनको असर सर्वसाधारणलाई पऱ्यो । राज्यलाई राजस्व पनि आएन । पठाओ, इनड्राइभलगायत अन्य कम्पनीबाट सञ्चालन भएको सवारीसाधन सरकारले तोकेको होइन ।

कार साहुले आफ्नो मर्जीअनुसार भाडा उठाइरहेका छन् । एकातिर सेवा दिने नाममा कानुनको धज्जी उडाइएको छ, अर्कोतिर दिनदहाडै सर्वसाधारणलाई लुटिएको छ । यदि यात्रु बोक्ने नै हो भने कालो प्लेटमा दर्ता गर्न लगाउनुपऱ्यो । तिनलाई पनि त नियमकानुनको दायरामा ल्याउनुपऱ्यो । मोटरसाइकल, स्कुटर र निजी कारले यात्रु बोक्न थालेको लामो समय भइसक्यो । तर, सरकारले अहिलेसम्म ऐन कानुन बनाउन सकेको छैन । सरकारले जानाजान यात्रु ठग्न छुट दिइरहेको छ । राजस्व पनि गुमाइरहेको छ । देशमा सरकारै सरकार छ तर एउटा निर्णय गरेर कार्यान्वयनमा लैजान सक्दैनन् ।

यस्तो पनि सरकार ? यात्रु बोक्न प्रयोग भइरहेको रातो प्लेटका सवारीसाधनलाई कालो प्लेटमा दर्ता गर्ने हो भने राज्यलाई ठूलो राजस्व आउँछ । कालो प्लेटमा दर्ता भएपछि त सरकारले भाडा तोकिदिन्छ । यात्रुलाई फाइदा हुन्छ । अहिले तिरिरहेको भाडाको एकतिहाइमा यात्रा गर्न सकिन्छ ।

कालो प्लेटमा दर्ता भएपछि त बढी भाडा लिएमा कारबाही हुन्छ । राज्यलाई राजस्व आउँछ । दिनहुँ लाखौं यात्रुले पठाओ, इनड्राइभ र निजी कारमा यात्रा गर्छन् । उनीहरू जम्मै ठगिएका छन् । राज्यले अब पठाओ, इनड्राइभ बन्द गर्न सक्दैन । किनकि त्यसले सर्वसाधारणलाई सहज बनाइदिएको छ । सरकारले अब यात्रु बोक्ने निजी प्लेटका सवारीसाधनलाई कानुनको दायरामा ल्याउनुपर्छ । पठाओ सञ्चालन होस् तर नियमकानुनभित्र रहेर । अहिले एउटा पठाओ चालकले दैनिक पाँच हजार रूपैयाँसम्म आम्दानी गर्छन् । तर, खोइ त राजस्व ? राज्यले एक रूपैयाँ पनि पाएको छैन ।

तर, यात्रुले पैसा तिरेका छन् । अब यात्रु बोक्न प्रयोग भएका निजी प्लेटका सवारीसाधनलाई व्यवस्थित बनाऔं । यात्रुलाई सहुलियत दिऔं । करको दायरामा ल्याऔं । पठाओ कम्पनी एउटा फर्म हो । यद्यपि, त्यो फर्म देशको सरकारभन्दा ठूलो त अवश्य पनि होइन । सरकारले अहिले सञ्चालन भइरहेको यात्रु बोक्ने निजी प्लेटका सवारीसाधनलाई करको दायरामा ल्याउने हो भने खर्बौं रूपैयाँ राजस्व उठ्छ । विदेशीको अगाडि हात फैलाइरहनु पर्दैन ।

- अनुसा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## सूचना ! सूचना !! सूचना !!!

यस एस.आर.ड्रग्स ल्याबोरेटोरिज प्रा लि बाट उत्पादित निम्नानुसारका औषधीहरु को आ ब २०८१।८२ को लागि निम्नानुसारको बजार दररेट तथा बिक्रि मुल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधी तथा औषधी जन्य सामानहरु कुनै संध संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीको आधिकारीक बिक्रेता श्री सुबिसु मेडिसीन सप्लायर्स बाट निम्नानुसारको दररेटमा खरिद गर्न सक्नुहुनेछ भनी यो सुचना प्रकाशित गरिएको छ ।

**E-mail:subash.subisu331@gmail.com, Ph no:9865897244,**

## S.R. DRUG LAB PVT LTD PRODUCT & RATE LIST 2081/082

| S.N | BRAND NAME | GENERIC NAME | UNIT | PACK | MRP/TAB/ CAP/PH |
|---|---|---|---|---|---|
| 1 | ACEPRIL 10 TAB (10X10) | Enalapril Maleate 10mg | 1 | 10x10 | 7 |
| 2 | ACEPRIL 2.5 TAB (10X10) | Enalapril Maleate 2.5mg | 1 | 10x10 | 2.3 |
| 3 | ACEPRIL 5 TAB (10X10) | Enalapril Maleate 5mg | 1 | 10x10 | 4 |
| 4 | ACIV 200 TAB (10X5) | Acyclovir USP 200mg | 1 | 5 X10 | 11 |
| 5 | ACIV 800 TAB (10X5) | Acyclovir USP 800mg | 1 | 5 X10 | 30 |
| 6 | ACIV CREAM 5GM | Acyclovir BP 5% w/w in Cream base | 1 | 5 gm | 70 |
| 7 | ALIN 10 TAB (10X5X4) | Amitriptyline HCL IP 10mg | 1 | 10x5x4 | 2.4 |
| 8 | ALIN 25 TAB (10X5X4) | Amitriptyline HCL IP 25mg | 1 | 10x5x4 | 3.8 |
| 9 | AM-CLAV 375 TAB(10X10) | CO-AMOXYCLAV 375 mg TAB | 1 | 10X10 | 30 |
| 10 | AM-CLAV 625 TAB(10X10) | CO-AMOXYCLAV 625 mg TAB | 1 | 10X10 | 40 |
| 11 | AM-CLAV DRY SYRUP 30ML | CO-AMOXYCLAV 228.5/5ML(BD) D/S | 1 | 30ml | 110 |
| 12 | AM-CLAV DRY SYRUP 60ML | CO-Amoxyclav 228.5/5ml (BD) D/S | 1 | 60ml | 175 |
| 13 | ANGILOK 10 TAB (10X10) | Amlodipine Besylate 10mg | 1 | 10x10 | 8 |
| 14 | ANGILOK 2.5 TAB (10X10) | Amlodipine Besylate 2.5mg | 1 | 10x10 | 2.3 |
| 15 | ANGILOK 5 TAB (10X5x4) | Amlodipine Besilate 5mg | 1 | 10x5x4 | 5 |
| 16 | ANGILOK-AT TAB (10X10) | Amlodipine Besylate 5 mg<br>Atenolol 50 mg | 1 | 10 x 10 | 7 |
| 17 | ASPICARD 150 TAB (10X10) | Aspirin 150 mg | 1 | 10x10 | 2 |
| 18 | ASPICARD 75 TAB (10X25) | Aspirin 75 mg | 1 | 10x25 | 3 |
| 19 | ATOVAST 10 TAB (10X10) | Atorvastatin 10mg | 1 | 10x10 | 10.78 |
| 20 | ATOVAST 20 TAB (10X10) | Atorvastatin 20mg | 1 | 10x10 | 20.6 |
| 21 | AZIFAST 250 TAB (6X5) | Azithromycin 250mg | 1 | 6x5 | 17.25 |
| 22 | AZIFAST 500 TAB (20X5) | Azithromycin 500mg | 1 | 20 x 5 | 30 |
| 23 | BETAMETH CREAM 20GM | Betamethasone Dipropionate USP 0.64 mg | 1 | 20gm | 75 |
| 24 | BETAMETH-G CREAM 20GM | Betamethasone Dipropionate USP 0.64 mg<br>Gentamicin 1 mg/gm | 1 | 20gm | 100 |
| 25 | BICO-Z CAP (20X10) | B-Complex Capsule with Zinc | 1 | 10X20 | 5 |
| 26 | BICO-Z DROPS 15ML | B-Complex drop | 1 | 15 ml | 50 |
| 27 | BICO-Z SYRUP 100ML | B-Complex Syrup with Zinc | 1 | 100ml | 80 |
| 28 | BICO-Z SYRUP 200ML | B-Complex Syrup with Zinc | 1 | 200ml | 130 |
| 29 | BRONCOSAL SYRUP 50ML | Salbutamol 2mg<br>Bromohexine HCl 5mg | 1 | 50ml | 55 |
| 30 | BUFEMOL TAB (10X25) | Ibuprofen 400mg<br>Paracetamol 325mg | 1 | 10X25 | 2 |
| 31 | C-CARE 500 CHEWABLE TAB (10X10) | Vitamin C Chewable Tablet | 1 | 10x10 | 6 |
| 32 | CIFLOQUIN 250 TAB (10X10) | Ciprofloxacin HCl 250mg | 1 | 10x10 | 5 |
| 33 | CIFLOQUIN 500 TAB (10X10) | Ciprofloxacin HCl 500mg | 1 | 10x10 | 8 |
| 34 | CLIN GEL 15GM | Clindamycin phosphate 1% w/w<br>Methyl Paraben Sodium IP 0.1%w/w<br>Propyl Paraben 0.05% w/w | 1 | 15 gm | 135 |
| 35 | CLOBETASOL CREAM 20GM | Clobetasol Dipropionate USP-0.05 % w/w | 1 | 20gm | 100 |
| 36 | CLOBETASOL CREAM 30GM | Clobetasol Dipropionate USP-0.05 % w/w | 1 | 30gm | 150 |
| 37 | CLOBETASOL-G CREAM 20GM | Clobetasol Propionate USP-0.05 % w/w<br>Gentamycin Sulphate 0.1% w/w | 1 | 20gm | 110 |
| 38 | CLOBETASOL S OINTMENT 20GM | Clobetasol Propionate USP 0.05% w/w<br>Salicylic Acid IP 3% w/w Ointment | 1 | 20gm | 145 |
| 39 | CLOMAZOLE CREAM 15GM | Clotrimazole 10 mg | 1 | 15 gm | 110 |
| 40 | CLOMAZOLE CREAM 25GM | Clotrimazole 10 mg | 1 | 25 gm | 150 |
| 41 | COLDAREST TAB (10X25) | Anticold (Paracetamol 500mg<br>Chlorpheniramine Maleate 4mg<br>Phenylephrine HCl 10mg) | 1 | 10x25 | 3 |
| 42 | CONAZOL 150 CAP (1X25) | Fluconazole 150mg | 1 | 1X25 | 24 |
| 43 | DELIKOF SYRUP 100ML | Phenylephrine HCL 5mg<br>Dextromethorphan 15mg<br>Chlorpheniramine Maleate 2 mg | 1 | 100 ml | 140 |
| 44 | DEPLOX 20 CAP (10X10) | Fluoxetine HCl BP 20mg | 1 | 10x10 | 5.5 |
| 45 | DERMETASONE CREAM 10GM | Mometasone Furoate USP 1mg / gm | 1 | 10 gm | 180 |
| 46 | DICFEN GEL 30GM | Diclofenac Diethylamine 1% w/w | 1 | 30gm | 150 |
| 47 | DICFEN TAB (25X10) | Diclofenac Sodium 50mg | 1 | 10X25 | 3 |
| 48 | DOVSPAS 80 TAB (10X10) | Drotaverine 80 mg | 1 | 10x10 | 6 |
| 49 | D-SHOT 60K TAB (1x10x4's) | Cholecalciferol IP 60,000 IU | 1 | 1x10x4's | 50 |
| 50 | FENAC 100 TAB (10X25) | Aceclofenac BP 100 mg | 1 | 10X25 | 4.5 |
| 51 | FEX 120 TAB (1x10X10) | Fexofenadine HCl 120mg | 1 | 10x10 | 12 |
| 52 | FEX 180 TAB (1X10X10) | Fexofenadine HCl 180mg | 1 | 10x10 | 15 |
| 53 | FEX SUSPENSION 60ML | Fexofenadine Hydrochloride 30mg | 1 | 60ml | 90 |
| 54 | FLAVOX TAB (10X10) | Flavoxate HCl 200mg | 1 | 10x10 | 16 |
| 55 | GABIX 150 CAP (10X10) | Pregabalin 150 mg cap | 1 | 10x10 | 24 |
| 56 | GABIX 75 CAP (10X10) | Pregabalin 75 mg cap | 1 | 10x10 | 15 |
| 57 | GABIX-M 75 CAP (10x10) | Pregabalin IP 75mg<br>Methylcobalamin IP 750mcg | 1 | 10X10 | 22 |
| 58 | GABIX-M 150 CAP (10x10) | Pregabalin IP 150mg<br>Methylcobalamin IP 750mcg | 1 | 10X10 | 40 |
| 59 | GENMYCIN CREAM 10GM | Gentamicin Sulphate IP eqvt to<br>Gentamicin 0.2% | 1 | 10gm | 50 |
| 60 | GERMIDINE OINTMENT 15GM | Povidone iodine IP 5 % w/w | 1 | 15gm | 95 |
| 61 | GERMIDINE SOLUTION (5%) 50ML | Povidone Iodine 5% w/v | 1 | 50ml | 75 |
| 62 | GERMIDINE SOLUTION 100ML | Povidone iodine IP 5 % w/v | 1 | 100 ml | 170 |
| 63 | GERMIDINE SOLUTION 450 ML | Povidone iodine IP 5 % w/v | 1 | 450 ml | 350 |
| 64 | GERMIDINE SOLUTION 500 ML | Povidone iodine IP 5 % w/v | 1 | 500 ml | 350 |
| 65 | GERMIDINE SOLUTION (7.5%) 50 ML | Povidone Iodine 7.5% w/v | 1 | 50ml | 86 |
| 66 | GERMIDINE SOLUTION (7.5%) 500 ML | Povidone Iodine 7.5% w/v | 1 | 500ml | 550 |
| 67 | GERMIDINE SOLUTION (10%) 50 ML | Povidone Iodine 10% w/v | 1 | 50ml | 95 |
| 68 | GERMIDINE SOLUTION (10%) 100 ML | Povidone Iodine 10% w/v | 1 | 100ml | 190 |
| 69 | GERMIDINE SOLUTION (10%) 500 ML | Povidone Iodine 10% w/v | 1 | 500ml | 860 |
| 70 | GLIMEP 1 TAB (10X10) | Glimepiride 1mg | 1 | 10x10 | 5.3 |
| 71 | GLIMEP 2 TAB (10X10) | Glimepiride 2mg | 1 | 10x10 | 8.6 |
| 72 | HEMATIN CAP (10X3x5) | Folic Acid 0.55mg + Iron(III)<br>Polymaltose 100mg | 1 | 10x3x5 | 8 |
| 73 | HYOMIDE 10 TAB (10X10) | Hyoscine Butyl Bromide 10mg | 1 | 10x10 | 15 |
| 74 | HYOMIDE 20 TAB (10X10) | Hyoscine Butyl Bromide 20mg | 1 | 10x10 | 25 |
| 75 | INDO 25 CAP (10X10) | Indomethacin 25 mg | 1 | 10x10 | 6 |
| 76 | INDO 50 CAP (10X10) | Indomethacin 50 mg | 1 | 10x10 | 8 |
| 77 | INDO SR CAP (10X10) | Indomethacin 75mg SR | 1 | 10x10 | 17 |
| 78 | INSUGLIP-M 1000 (10X10) | Sitagliptin Phosphate 50 mg<br>Metformin HCL 1000 mg Tablets | 1 | 10x10 | 28 |
| 79 | INSUGLIP-M 500 (10X25) | Sitagliptin Phosphate 50 mg<br>Metformin HCL 500 mg Tablets | 1 | 10X25 | 26 |
| 80 | INSUGLIP-M 850 (10X10) | Sitagliptin Phosphate 50 mg<br>Metformin HCL 850 mg Tablets | 1 | 10X10 | 27 |
| 81 | ITRASPOR 100 CAP (1X4X10) | Itraconazole pellets eq. to<br>Itraconazole BP 100 mg | 1 | 1x4x10 | 45 |
| 82 | ITRASPOR 200 CAP (10X10) | Itraconazole pellets eq. to<br>Itraconazole BP 200 mg | 1 | 10X10 | 70 |
| 83 | KETOZOLE CREAM 15GM | Ketoconazole IP 2% W/W | 1 | 15 gm | 125 |
| 84 | KIDKOF SYRUP 50ML | Dextromethorphan Hydrobromide 7.5 mg<br>Pheniramine maleate 7.5mg<br>Phenylephrine HCL 2.5 mg | 1 | 50ml | 90 |
| 85 | LOSATEC 25 TAB (10X10) | Losartan Potassium 25mg | 1 | 10x10 | 4.41 |
| 86 | LOSATEC 50 TAB (10X10) | Losartan Potassium 50mg | 1 | 10x10 | 7.6 |
| 87 | LOSATEC-H TAB (10X10) | Losartan Potassium 50mg<br>Hydrochlorothiazide 12.5 mg tablet | 1 | 10x10 | 12 |
| 88 | MACROMIN 250 TAB (6X5) | Clarithromycin 250mg | 1 | 6x5 | 30 |
| 89 | MACROMIN 500 TAB (10X10) | Clarithromycin 500mg | 1 | 10x10 | 50 |
| 90 | MAXZIDE 12.5 TAB (10X20) | Hydrochlorothiazide 12.5 mg tablet | 1 | 10x20 | 2 |
| 91 | MAXZIDE 25 TAB(10X20) | Hydrochlorothiazide 25 mg tablet | 1 | 10x20 | 3.2 |
| 92 | MEGACEF 100 DT TAB(10X10) | Cefixime 100mg | 1 | 10X10 | 18 |
| 93 | MEGACEF 200 DT TAB (10X10) | Cefixime 200mg | 1 | 10X10 | 20 |
| 94 | MEGACEF 400 TAB (10X10) | Cefixime BP eqv. to anhydrate<br>cefixime 400mg | 1 | 10X10 | 55 |
| 95 | MEGACEF DRY SYRUP 30ML | Cefixime 100mg | 1 | 30ml | 64 |
| 96 | MEGACEF DRY SYRUP 60ML | Cefixime Trihydrate BP 50 mg/5 ml | 1 | 60 ml | 140 |
| 97 | MEGACEF D/S 60ML | Cefixime Trihydrate BP 100mg per 5 ml | 1 | 60 ml | 220 |
| 98 | META-H 1000SR TAB (10X10) | Metformin Hydrochloride 1000mg | 1 | 10x10 | 600 |
| 99 | META-H 500 TAB (10X25) | Metformin Hydrochloride 500mg | 1 | 10x25 | 2 |
| 100 | META-H 850 TAB (10X10) | Metformin Hydrochloride 850mg | 1 | 10x10 | 3.5 |
| 101 | M-KAST 10MDT (10X20) | Montelukast Sodium 10 mg MDT | 1 | 10 x 20 | 17 |
| 102 | MKAST L TAB | Levocetirizine HCL IP 5mg<br>Montelukast (as sodium) IP 10mg | 1 | 10x10 | 20 |
| 103 | MUCOSAL SYRUP 100ML | Salbutamol 2 mg/5ml | 1 | 100 ml | 55 |
| 104 | MUPI OINTMNET 5GM | Mupirocin USP 2% w/w Ointment | 1 | 5gm | 145 |
| 105 | MUPI OINTMNET 10GM | Mupirocin USP 2% w/w Ointment | 1 | 10gm | 250 |
| 106 | MYMOX DRY SYRUP 90ML | Amoxycillin 125 mg | 1 | 90 ml | 125 |
| 107 | NEUROAGE 1500 TAB (10X10) | Methylcobalamine 1500mcg | 1 | 10X10 | 18 |
| 108 | NILE TAB (25X10) | Nimesulide 100mg | 1 | 10X25 | 3 |
| 109 | OMOCID 20 CAP (20X10) | Omeprazole 20mg | 1 | 10X20 | 4 |
| 110 | P-40 TAB (25X10) | Pantoprazole 40mg | 1 | 10X25 | 8 |
| 111 | PFOTY DSR CAP | Pantoprazole (as enteric<br>coated pellets) 40mg<br>Domperidone (sustained<br>release pellets) 30mg | 1 | 10x10 | 16 |
| 112 | PARKINEX TAB (10X10) | Benhexol HCl 2mg (Trihexiphenidyl) | 1 | 10x10 | 4 |
| 113 | PROMETH 25 TAB(10X10) | Promethazine HCl IP 25mg | 1 | 10x10 | 5 |
| 114 | PROMETH SYRUP 60ML | Promethazine HCl 5mg | 1 | 60ml | 50 |
| 115 | RABGAS 20 CAP 10x10 | Rabeprazole 20mg | 1 | 10x10 | 12 |
| 116 | RIZICET SYRUP 60ML | Cetirizine HCL 5 mg | 1 | 60ml | 70 |
| 117 | RIZICET TAB (10X5X10) | Cetirizine HCL 10 mg | 1 | 10x5x10 | 4 |
| 118 | ROLISTAT 10 TAB (10X10) | Rosuvastatin 10 mg Tab | 1 | 10x10 | 21 |
| 119 | ROLISTAT 20 TAB(10X10) | Rosuvastatin 20 mg Tab | 1 | 10x10 | 30 |
| 120 | ROLISTAT 5 TAB (10X10) | Rosuvastatin 5 mg Tab | 1 | 10x10 | 11 |
| 121 | SALIDERM OINTMENT 15GM | Benzoic Acid IP 6% w/v<br>Salicylic Acid IP 3% w/v | 1 | 15gm | 55 |
| 122 | SALIDERM OINTMENT 30GM | Benzoic Acid IP 6% w/v<br>Salicylic Acid IP 3% w/v | 1 | 30 gm | 70 |
| 123 | SALTCARE (20.5GM) | Sodium Chloride 2.6gm<br>Dextrose Anhydrous 13.5gm<br>Potassium Chloride 1.5gm<br>Trisodium Citrate 2.9gm | 1 | 1 | 10 |
| 124 | SILAGRA 50 TAB (25X4) | Sildenafil Citrate 50 mg | 1 | 1x4x25 | 30 |
| 125 | SILVADERM CREAM 15GM | Silver Sulphadiazine USP 1% w/w<br>Chlorhexidine Gluconate solution 0.2%<br>w/w (Cream base QS.) | 1 | 15gm | 50 |
| 126 | SILZINE CREAM 25GM | Silver Sulphadizine USP 1%W/W | 1 | 25gm | 100 |
| 127 | SR DOX CAP (10X10) | Doxycycline HCl 100mg | 1 | 10x10 | 6 |
| 128 | TRANAREST 500 TAB (10X10) | Tranexamic Acid 500 mg | 1 | 10 x 10 | 24 |
| 129 | VITACAL TAB (10X25) | Calcium Carbonate 500mg<br>Vitamin D3 250 IU | 1 | 10X25 | 5 |
| 130 | VOCET SYRUP 30ML | Levocetirizine Dihydrochloride IP 2.5 mg / 5ml | 1 | 30 ml | 70 |
| 131 | VOCET TAB (10X5X5) | Levocetirizine Dihydrochloride IP 5mg | 1 | 10x5x5 | 6 |
| 132 | VOMIZ SYRUP 30ML | Ondansetron hydrochloride 2mg/5ml | 1 | 30 ml | 75 |
| 133 | WORMLOC TAB (1X50) | Albendazole 400mg (Chewable Tablet) | 1 | 1X50 | 10 |
| 134 | ZENOSAR 200 TAB (10X10) | Ofloxacin 200mg | 1 | 10x10 | 7 |
| 135 | ZENOSAR 400 TAB (10X10) | Ofloxacin 400mg | 1 | 10x10 | 8 |
| 136 | ZENOSAR SUSPENSION 60ML | Ofloxacin 50mg/5ml | 1 | 60ml | 100 |
| 137 | Pamol | PARACETAMOL 500 MG TAB | 1 | 50 x 10 | 1 |
| 138 | Pamol Syrup | PARACETAMOL 125 MG 60 ML SUSP | 1 | 60 ml | 30 |
| 139 | Acidin 150 | RANITIDINE 150 MG TAB | 1 | 30 x 10 | 3 |
| 140 | Mymox syrup | AMOXYCILLIN 125MG 60 ML SUSP | 1 | 60 ml | 85 |
| 141 | Mymox 125 mg Tab | AMOXYCILLIN 125 MG TAB | 1 | 10x10 | 3.5 |
| 142 | MYMOX 250 CAP (10x10) | Amoxycillin 250mg | 1 | 10x10 | 5 |
| 143 | MYMOX 500 CAP (20x10) | Amoxycillin 500 mg | 1 | 10X20 | 8 |
| 144 | Mucosal 4 mg tab | SALBUTAMOL 4 MG TAB | 1 | 10X20 | 2 |
| 145 | Chlorfen 4 mg | CHLORPHENIRAMINE 4 MG TAB | 1 | 50 x 10 | 1.5 |
| 146 | clove iol | CLOVE OIL 5 ML | 1 | 5 ml | 35 |
| 147 | Cloxin 250 mg | CLOXACILLIN 250 MG CAP | 1 | 10x10 | 8 |
| 148 | Cloxin 500 mg | CLOXACILLIN 500 MG CAP | 1 | 10x10 | 12 |
| 149 | cotricide | COTRIM 480 MG TAB | 1 | 10X20 | 4 |
| 150 | cotricide | COTRIM 960 MG TAB | 1 | 10X20 | 5 |
| 151 | cotricide | CALAMINE LOTION 60 ML | 1 | 60 ml | 80 |
| 152 | folium | FOLIC ACID 5 MG TAB | 1 | 10X20 | 2.5 |
| 153 | frusex | FRUSEMIDE 40 MG TAB | 1 | 10x10 | 1.5 |
| 154 | Ibusar 200 mg | IBUPROFEN 200 MG TAB | 1 | 10X20 | 1.5 |
| 155 | Ibusar 400 mg | IBUPROFEN 400 MG TAB | 1 | 10X20 | 2 |
| 156 | Metriz 200 mg | METRONIDAZOLE 200 MG TAB | 1 | 10X20 | 2 |
| 157 | Metriz 400 mg | METRONIDAZOLE 400 MG TAB | 1 | 10X20 | 4 |
| 158 | Metriz syrup | METRONIDAZOLE 60 ML SUSP | 1 | 60 ml | 55 |
| 159 | RECTIFIED SPIRIT 450 ML | RECTIFIED SPIRIT 450 ML | 1 | 450 ml | 270 |
| 160 | VITACAL TAB (10X25) | CALCIUM 500 MG TAB | 1 | (10X25) | 6 |
| 161 | Zincamin 10 mg | ZINC 10 MG TAB | 1 | 10X20 | 3 |
| 162 | Zincamin 20 mg | ZINC 20 MG TAB | 1 | 10X20 | 5 |

# प्रभाव दैनिक





## नेपाली फिल्ममा अभिनय गर्न चाहन्छुः नवाजुद्दीन

बलिवुड अभिनेता नवाजुद्दीन सिद्धिकीले नेपाली फिल्ममा काम गर्न चाहेको बताएका छन् । निर्देशक मीन भामको फिल्म सम्बालाको प्रिमियरका लागि काठमाडौँ आएका नवाजले संजय सिलवाल गुप्ताको पोडकाष्टमा अन्तर्वार्ता दिदै आफुले नेपाली फिल्ममा काम गर्ने बताएका हुन् । नवाजले आफुले नेपाली फिल्ममा केहि न केहि काम गर्ने र खासगरी मीनसँग काम गर्ने बताए । उनले भने- 'म अभिनयको सवालमा केहि गर्न चाहन्छु । खासगरी मीनसँग । सम्बाला निकै उत्कृष्ट फिल्म बनेको छ । यस्तो फिल्म बनाउन ठुलो सहास चाहिन्छ । फिल्ममा पेमाको अभिनय निकै उत्कृष्ट छ । फिल्मको सिनेमेटोग्राफी उत्कृष्ट छ ।'




बुधबार, २६ भदौ २०८१ (Wednesday, September 11, 2024)


# यशश्वी प्राज्ञ पुरस्कार उपाध्यायलाई



■ प्रभाव संवाददाता

**काठमाडौँ–** काठमाडौँ-कलिङ लिटेटरी फेस्टिभलमा लोकगायक एवं संस्कृत विद् यज्ञराज उपाध्यायलाई यशश्वी प्राज्ञ पुरस्कार प्रदान गरिएको छ। हिमालय होटलमा आयोजित समारोहबीच उपाध्यायलाई काली-कर्णालीको लोकसाहित्य ग्रन्थका लागि २० हजार राशिको यशश्वी प्रज्ञा पुरस्कार तथा यशश्वी बुक अवार्ड २०२४ अर्पण गरिएको हो ।

काली-कर्णालीको लोकसाहित्य तथा संस्कृतिको लामो खोज तथा अनुसन्धानबाट उत्खनन तथा प्रारूप सामग्री एकितृत गरी उपाध्यायले विशद ग्रन्थ प्रकाशित गरेर नेपाली लोकसाहित्यमा ठूलो योगदान पुऱ्याएको भन्दै आयोजकले उनलाई सम्मान गरिएको जनाएको छ ।

९८४ पृष्ठको ग्रन्थमा काली-कर्णाली क्षेत्रको लोकसाहित्य, लोकसंस्कृति, लोकगीत र संगीतका सबै क्षेत्रको विश्लेषण गरिएको छ । सम्मान कार्यक्रमका वक्ताहरूले ग्रन्थ काली-कर्णाली क्षेत्रको लोकसाहित्य र संस्कृतिको ऐतिहासिक दस्तावेज भएको बताएका थिए । उनीहरूले पुस्तक अध्ययन गर्दा सिंगो काली-कर्णाली क्षेत्रलाई बुझ्न सकिने धारणा राखेका थिए ।

उपाध्याय राईझुमा जस्तो लोकप्रिय लोकदेउडा गीतका स्रष्टा हुन्। भव्य समारोहबीच सम्मानित हुन पाउँदा खुसी र जिम्मेवारी दुवै थपिएको उनले बताए ।

# 'खुस्मा'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौँ–** आगामी असोज ३ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'खुस्मा'को ट्रेलर सार्वजनिक गरिएको छ। फिल्मका प्रमुख अभिनेता धीरज मगरको जन्मदिनको अवसरमा मंगलबार काठमाडौँका एक कार्यक्रमबीच ट्रेलर सार्वजनिक गरिएको हो ।

अशोक थापा मगरको लेखन एवं निर्देशन रहेको फिल्ममा धीरज र उपासनासहित माओत्से गुरुङ, खड्कबहादुर पुन (खबपु), राज थापा काउचा, सुजता राई, विजय संयोक सुब्बा, राजु रेग्मी मगर, अस्तित्व भट्टचन, संगीता थापामगर, सारा राई, विवेश मगर, श्वेता मिश्र, दुईसाङ थिङ, अरुण पुन मगर लगायतले पनि अभिनय गरेका छन् । मगर समुदायको परिवेशमा फिल्म निर्माण भएको हो ।

फिल्मको निर्माताहरूमा वीर बहादुर लामा, चन्द्र बहादुर भट्टचन र बेतान मगर छन् भने सह-निर्माताहरू मान बहादुर धनाह मगर र सुस्मिता बुढाथोकी हुन् । मोहन राई कार्यकारी निर्मातामा छन् । गोविन्द शाहीले वितरण गर्न लागेको फिल्ममा दीपक बज्राचार्यको छायांकन, एसडी योगी र छान्जु पार्कको संगीत तथा सुरेन्द्र राना, राम अविरल विष्ट र निर्देशक थापा मगर स्वयंको शब्द रचना रहेको छ ।

# राष्ट्रिय नाटक महोत्सव भदौ ३० देखि

■ प्रभाव संवाददाता



**काठमाडौँ –** प्रसिद्ध अभिनेता, रंगकर्मी तथा रेडियो नेपालका प्रथम गायक हरिप्रसाद रिमाल र उनकी सञ्चारकर्मी पत्नी कल्याणी रिमालको नाममा स्थापित हरिप्रसाद कल्याणी रिमाल नाट्य संगीत प्रतिष्ठानले राष्ट्रिय नाटक महोत्सव २०८१ आयोजना गर्ने भएको छ ।

पुरानो बानेश्वरस्थित रिमाल निवासमा आयोजित पत्रकार सम्मेलनमा स्वर्गीय रिमालको शतवार्षिकीको अवसर पारेर प्रतियोगितात्मक 'राष्ट्रिय नाटक महोत्सव-२०८१' आयोजना गर्न लागिएको जानकारी दिइयो । प्रतिष्ठानका सदस्य सचिव एवं अभिनेता, रंगकर्मी सम्राट सापकोटाका अनुसार जमलस्थित नाचघरमा भदौ ३० गतेदेखि असोज २ गतेसम्म महोत्सव आयोजना हुनेछ । जुरीले ६ वटा नाटक मञ्चनका लागि छनोट गरेको जनाइएको छ ।

उत्कृष्ट तीन नाटकलाई पुरस्कृत गरिने भएको छ। पहिलो पुरस्कार एक लाख, दोस्रो ५० हजार र तेस्रो २५ हजार रूपैयाँ सहित सम्मान र ट्रफी हुनेछ । उत्कृष्ट निर्देशक, अभिनेता र अभिनेत्रीलाई जनही १५ हजार रूपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । प्रत्येक नाटकको अवधि एक घण्टाको हुने जनाइएको छ ।

कलाकर्मी र सञ्चारकर्मीलाई प्रतिष्ठानले प्रदान गर्दै आइरहेको सम्मान पनि सोही कार्यक्रममा प्रदान गरिने भएको छ। यसपटक २०७९ र २०८० साल गरी दुई वर्षको सम्मान एकैपटक प्रदान गरिने छ। कुल आठ जनालाई प्रदान गरिने सम्मानको राशि ३१ हजार र २१ हजार रूपैयाँ हुने जनाइएको छ ।

# एकैसाथ तीन रियालिटी शो घोषणा

■ प्रभाव संवाददाता




**काठमाडौँ –** सारेगमप लिटिल च्याम्प्सको पहिलो सिजनको भव्य सफलतापछि नोबडी प्रोडक्सनले सिजन २ ल्याउने भएको छ। राजधानीस्थित दुषित पृन्सेस होटलमा आयोजित एक कार्यक्रमका बीच सारेगमप लिटिल च्याम्पस नेपालको दोश्रो सिजन आउने घोषणा गरिएको हो ।

क्राईम पेट्रोल नेपालको पहिलो सिजन बनाएपछि सुस्ताएको नोबडी प्रोडक्सनले लगभग ३० महिनापछी सारेगमप लिटिल च्याम्पस सिजन २ संगै एकै साथ तीनवटा रियालिटी शोको घोषणा गरेको छ। सारेगमप लिटिल च्याम्पस नेपाल सिजन २, अन्ताक्षरी र ब्रीलियन्ट ब्रेन्स शोको घोषणा गर्दै नोबडी प्रोडक्सनले आफू यो क्षेत्रबाट कहिले टाढा जान नसक्ने जनाएको छ। संगीतको बाह्रखरी ट्याग लाईन सहित घोषणा गरिएको अन्ताक्षरीको डिजिटल अडिसन यहीँ घटस्थापनाबाट खुल्ने छ ।

लगभग एक महिना पहिले डिजिटल अडिसन सुरु गरिएको सारेगमप लिटिल च्याम्पस नेपाल सिजन २ मा अहिलेसम्म लगभग १२ हजार जनाले अडिसन भिडियो पठाईसकेका छन् । सिजन १ झैं सिजन २ ले पनि दर्शकको अपार साथ र माया पाउनेमा बिपिन कुमार आचार्य विश्वस्त छन्। नेपालमा को बन्छ करोडपति, क्राईम पेट्रोल नेपाल जस्ता रियालिटी शो मात्र नभई ग्यालेक्सी फोरकेको सम्पुर्ण कृएटिभ जर्नीलाई बिहाईन्ड द सिन बसेर नेतृत्व गरेका बिपिन यो कार्यक्रमको होस्ट समेत रहनेछन्। पर्दा पछाडी बसेर काम गर्न रुचाउने बिपिनको फ्रन्ट फुट यात्रा कस्तो हुनेछ त्यो भने आउने दिनले बताउने छ ।

